जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

स्तनपान: बालबालिकालाई वरदान
- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्यात पानी र खनिज हुन्छ ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारीरिक, मानसिक, बैद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ।
- बजारमा पाइने प्याकेट दुध वा फर्मुला आमाको दुधजस्तो पोषिलो हुँदैन ।

त्यसैले बालबालिकालाई स्तनपान गराऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक २७ • २०८० साल असार १ गते शुक्रबार (16 June, Friday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## बजेटमा योजनाको संख्या बढी, रकम कम

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्षको बजेटमा मधेश प्रदेशमा अत्यधिक योजनाहरु समावेश गरिएकोछ । स्रोतहरुका अनुसार रकम कम रहे पनि योजनाको संख्या बढी रहेका छन् ।

अर्थ मन्त्रालयले उपलब्ध गराएको बजेटको सिलिंग कम रहेकाले मन्त्रीहरुले अधिक योजना समावेश गरी कम रकम छुट्ट्याएका छन् ।

चालु आर्थिक वर्षमा पुँजीगत बजेट खर्च कम रहेको छ । हुनत असार महिनाको १५ गते भित्र अनपेक्षित रुपमा बजेट खर्च हुनेछ ।

प्रदेश सरकारले रकमान्तरण गरी विकास योजनाहरूमा दिएको बजेट र पालिकालाई उपलब्ध गराएको सशर्त योजनाहरूमा खर्च हुने रकम असारको दोस्रो हप्ता भित्र भुक्तानी हुनेछ ।त्यसले पुँजीगत खर्च वृद्धि हुनेछ ।

मधेश प्रदेशमा आर्थिक वर्ष प्रारम्भ भए लगतै योजनाहरुमा काम नहुने चलन जस्तै भएको छ ।रातो किताबमा समावेश गरिएका योजनाहरुको असोज महिनादेखि नै काम सुरु गर्न सके पुँजीगत खर्च बढने अर्थशास्त्रीहरुको कथन छ ।

रातो किताबमा रहेका योजनाहरुको निकासामा ढिलाइ, जटिल ठेक्का प्रक्रिया र काम गर्ने संयन्त्र कमजोरको कारण समयमै बजेट खर्च हुन नसकेको अर्थशास्त्री डा.सुरेन्द्र लाभ बताउँछन् ।

'सरकारले हरेक वर्ष नीति तथा कार्यक्रममा कार्यान्वयन प्रक्रियालाई सरलीकरण गर्ने घोषणा गर्छ' उनले भने, तर सरलीकरण नहुँदा नै बजेट खर्चमा समस्या रहेको छ ।

जनप्रतिनिधि र कर्मचारीबीचको तालमेलमा कमी,क्षमताको अभाव लगायतका समस्याले पनि बजेट समयमै खर्च नहुने गरेको उनको कथन छ ।

पछिल्लो २ महिनामा बजेटको खर्च अत्यधिक हुँदा त्यसमा काम कमजोर र अनियमितता बढी हुने गरेको सबैले स्वीकारे पनि त्यसलाई सुधार गर्न कुनै सरकार अग्रसर नभएको लाभको कथन छ ।

अबण्डा बजेट पनि अनियमितता र विवादको कारण हुने उल्लेख गर्दै अर्थशास्त्री डा.लाभले भने, संघीय सरकारले गर्ने अनियमिततालाई प्रदेश सरकारले पनि नक्कल गरेको छ ।

देशको ६ वटा प्रदेशमा शुक्रवार बजेट प्रस्तुत हुनेछ ।तर कोशी प्रदेश सरकारले अध्यादेशबाट विहिवार नै बजेट सार्वजनिक गरिसकेको छ । त्यहाँ राजनीतिक संकट विद्यमान छ ।

प्रदेश सरकारको बजेटप्रति आमनागरिकको खासै चासो देखिएको छैन् । प्रदेश सरकारले कार्यकर्तालाई खुशी गर्ने किसिमले बजेटमा योजनाहरु समावेश गरेको स्रोतहरुको कथन छ ।

> *रातो किताबमा रहेका योजनाहरुको निकासामा ढिलाइ, जटिल ठेक्का प्रक्रिया र काम गर्ने संयन्त्र कमजोरको कारण समयमै बजेट खर्च हुन नसकेको अर्थशास्त्री डा.सुरेन्द्र लाभ बताउँछन् ।*

### आज प्रदेश सभामा बजेट पेश हुने
## मधेश प्रदेशमा प्रतिव्यक्ति आय सबै प्रदेश भन्दा कम

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले बजेट ल्याउनु अघि पहिलो पटक आर्थिक सर्वेक्षण ०७९/८० प्रदेश सभामा प्रस्तुत गरेको छ ।

प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले बिहीबार प्रदेश सभाको बैठकमा चालु वर्ष ०७९/०८० को आर्थिक सर्वेक्षण प्रस्तुत गरेका छन् ।

सर्वेक्षणमा मधेश प्रदेश सरकारको चालु आर्थिक वर्षको बजेट खर्चको अवस्था, आर्थिक वृद्धि दर , मधेशको बैंक तथा वित्तीय संस्थाको अवस्था उल्लेख गरिएको छ ।

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको जेठ महिनासम्म कुल बजेटको ६८ प्रतिशत अर्थात १४ अर्वको हाराहरी मात्र बजेट खर्च गर्न सकेको छ । मधेश सरकारले अहिलेसम्म चालु तर्फ ५ अर्व ९९ करोड र पुँजिगततर्फ ८ अर्व ३९ करोड रकम खर्च गरेको छ ।

चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारले ४६ अर्ब ९१ करोड ४८ लाख ८८ हजारको बजेट ल्याएको थियो ।

अर्थमन्त्री यादवले प्रस्तुत गरेको आर्थिक सर्वेक्षणमा मधेश प्रदेशको आर्थिक वृद्धि दर १.९० प्रतिशत रहने जनाएको छ । जुन सबै प्रदेशभन्दा कम आर्थिक वृद्धि रहेको छ । नेपालको प्रति व्यक्ति आय १३९९ अमेरिकी डलर रहेकोमा मधेश प्रदेशको प्रति व्यक्ति आय ८७५ डलर मात्र रहेको आर्थिक सर्वेक्षणमा उल्लेख छ ।



देशमै सबै भन्दा बढी जनशक्ति मधेश प्रदेशबाट नै विदेशिएका छन् ।तर प्रतिव्यक्ति आय अत्यन्त न्यून रहेको छ ।

आर्थिक वर्ष ०७५/०७६ को तुलनामा मधेश प्रदेशमा चालु आ.व ०७९/०८० बैंक तथा वित्तीय संस्थाको संख्यामा १७ प्रतिशतले वृद्धि भएको सर्वेक्षणमा उल्लेख छ ।

त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहमा ५६ प्रतिशतले वृद्धि भएको तथा कृषि क्षेत्रमा सबभन्दा बढी ४८ प्रतिशत कर्जा प्रवाह भएको सर्वेक्षणमा उल्लेख गरिएको छ ।

मधेश प्रदेशमा गरिबी १७ दशमलव ४ प्रतिशत र २४ दशमलव २८ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको अर्थमन्त्री यादवले प्रस्तुत गरेको आर्थिक सर्वेक्षणमा देखाइएको छ ।

मधेश प्रदेशको कूल ग्राहस्थ उत्पादन उपभोक्ताको मूल्यमा करीब ७ खर्ब ७ अर्ब रहने अनुमान गरिएको छ । गत वर्ष ६ खर्ब ५० अर्ब रहेको थियो । मधेश प्रदेशको ग्राहस्थ उत्पादन १३.१ प्रतिशत रहेको छ ।

चालु आर्थिक वर्षको २०८० जेठ १७ गतेसम्ममा मधेश प्रदेशको कुल राजश्व २२ खर्ब ४२ करोड रहेको आर्थिक सर्वेक्षणमा उल्लेख रहेको छ । आर्थिक सर्वेक्षणमा नेपालमा कुल श्रम स्वीकृति मध्ये सबैभन्दा बढी श्रम स्वीकृति लिनेमा मधेश प्रदेशका ६ जिल्ला रहेको र मधेश प्रदेशका धनुषाबाट सबभन्दा बढी व्यक्ति श्रम स्वीकृति लिएको सर्वेक्षणमा उल्लेख छ ।

मधेश प्रदेशबाट सर्वाधिक जनशक्ति विदेशिए पनि अदक्ष कामदारको रुपमा जाने गरेकाले पारिश्रमिक कम पाउने गरेका छन् ।मधेश प्रदेशका युवाहरु विदेशिएकाले कृषि उत्पादनमा भारी कमी आएको छ ।

मधेश प्रदेशको आर्थिक अवस्था निराशाजनक रहेकाले प्रदेश सरकार आर्थिक उपलब्धि प्राप्त गर्न ठोस कार्यक्रमहरु ल्याउन आवश्यक रहेको छ ।

आर्थिक सर्वेक्षणमा देखिएको अवस्थालाई सुधार गर्न अर्थ मन्त्री यादवले शुक्रवार प्रस्तुत गर्ने बजेटमा सम्बोधन गर्ने संकेत गरेका छन् ।करीब ३५ अर्बको हाराहरीमा आउने बजेटमा गत वर्ष जस्तै विभिन्न साना योजनाहरु समावेश गरिएका छन् ।पूर्वाधारको नाममा १० लाखसम्मका योजनाहरु पनि समावेश रहेको बताइएको छ ।






# शालिक निर्माण गर्न अझै ढिलाइ

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका २ स्थित भानु चोक कि रमेश चोकको विवाद सेलाएको छ । विवादकै बीच कवि भानुभक्तको शालिक निर्माण गर्न शिलान्यस गरिए पनि काम अगाडि बढाइएको छैन् ।



डेढ महिनादेखि त्यहाँ चौबाटोको बीचमा खनिएको खोल्डो सोही अवस्थामा छन् ।

सरोकार बला निकायले न काम अगाडि बढाएका छन् न खाल्डो पुर्ने काम गरेका छन् । जसले गर्दा सवारी दुर्घटना हुन सक्ने जोखिम रहेको छ ।

गत बैशाख १५ गते नगर प्रमुख मनोज साहले विवादकै बीच कवि भानुभक्तको शालिक निर्माणका लागि शिलान्यस गरेका थिए । तर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनता समाजवादी पार्टी (जसपा) निकट युवा/विद्यार्थी संघले विरोध गरेका थिए । जसपा र लोसपाले मधेश आन्दोलनका शहीद रमेश महतोको शालिक निर्माण हुनुपर्ने माग गर्दै आएका छन् । नगर प्रमुख साहले सर्व दलीय बैठक बसेर तत्काल काम सुरु गर्ने त्यती बेला बताएका थिए । तर अव नगर प्रमुख साहले वेवास्ता गरेको देखिन्छ । यस विषयमा नगर प्रमुख साहले जुन समाजले बजेट माग गऱ्यो त्यही समाजले रुची नदेखाएको बताए ।

उपभोक्ता समितिले पनि एक किस्ता कुल बजेटको ३० प्रतिशत रकम लिएर राजीनामा दिएको उनले जानकारी दिए ।

'जसले ज्ञापनपत्र बुझाएर बजेट माग गऱ्यो । उसैले काम गराउने रुचि देखाएका छैनन्,'उनले भने,' उनीहरुले पालिकालाई नै बदनाम गर्नेतर्फ लागेका छन् ।' अव समस्या कसरी समाधान हुन्छ भन्ने प्रश्नमा उनले कुनै प्रतिक्रिया दिएनन् । प्राविधिक कुरा कर्मचारीसँग बुझ्नु पर्ने उनले बताए । 'अहिले केही भन्न सकिदैन् । खोल्डो पुर्ने कि स्मारक बनाउने विषयमा अव यस आर्थिक वर्षमा सम्भव देखिदैनन,'उनले भने,'किनभने उपभोक्ता समितिको राजीनामा स्वीकृत गरेर असुल उपर गर्न समय लाग्छ । त्यति बेलासम्म असार आइपुगेको हुन्छ, हामी असारे विकासमा रोक लगाएका छौं ।'

लोसपाका युवा नेता प्रसान्त झाले शहीद रमेश महतो बाहेकको शालिक कुनै पनि हालतमा बन्न नदिने बताउँछन् । जनताको मर्म अनुसार त्यो नाम आएको उनको भनाइ छ । मधेश आन्दोलनको प्रथम शहीदलाई उपेक्षा गर्नु अन्याय सरह हुने बताए ।

# नागरिकताविहीन नागरिकलाई छिटो न्याय दिनुपर्नेमा सांसदको जोड

काठमाण्डु । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरुले नागरिकताविहीन बनेका नेपालीलाई तत्काल नागरिकता प्राप्त गर्न न्यायलयले मार्ग प्रशस्त गरिदिनुपर्नेमा जोड दिनुभएको छ । बैठकको आकस्मिक समयमा उहाँहरुले नागरिकतासम्बन्धी विषयलाई न्यायालयले छिनो निरुपण गरिदिनुपर्ने बताउनुभयो ।



नागरिकता नपाउँदा शिक्षा, रोजगारीलगायत आधारभूत अधिकारबाट वञ्चित भएको जनाउँदै उहाँहरुले सङ्घर्षमा उत्रिएका नागरिकताविहीन नागरिकका आवाज सुन्न सबै पक्षको ध्यानाकर्षण गराउनुभयो । सांसद अब्दुल खानले नागरिकताविहीन नागरिकलाई तत्काल नागरिकता दिन सबैले पहल गर्नुपर्ने बताउनुभयो। "नागरिकताबाट वञ्चित भएका सन्तानले काठमाडौंलगायत देशैभर आत्मदाह गर्ने प्रयास गरिरहेका छन्, यो रोकिएन भने भोलि सामूहिक आत्मदाह गर्न सक्छन्, यसको जिम्मेवारी कसले लिने ? नेपाल सरकारले लिने कि न्यायालयले लिने ?", उहाँले प्रश्न गर्नुभयो, "के नागरिकता माग्नु अपराध हो ? हामी नेपाली हौँ, नेपालमा बसोबास गर्ने नागरिक हौँ हामीलाई देशको नागरिकता चाहिएको छ भन्नु अपराध हो ?"

सांसद रेखा यादवले नागरिकता विधेयकसम्बन्धी विषयलाई न्यायालयले छिनो निरुपण दिनुपर्ने बताउनभुयो । "यदि राज्य र न्यायालयले न्याय नदिने हो भने अबका युवा कहाँ जलान, कसरी बाँच्लान, यो देशमा कसरी रहलान्, यो देश रहनु छ भने युवालाई पनि सञ्चय गरेर राख्न सक्नुपर्छ, होइन भने यो देश कहाँ पुग्ला ?" उहाँले प्रश्न गर्नुभयो । आफ्ना देशमा बस्ने नागरिकलाई अनागरिक बनाउन नहुनेमा जोड दिँदै उहाँले आफू नेपाली भएर नै उनीहरुले नागरिकता माग गरेका विषयलाई सबैले गम्भीररुपमा लिनुपर्ने बताउनुभयो ।

सांसद डा अमरेशकुमार सिंहले आलु प्याजमा भ्याट लगाएर सरकारले गौरवशाली इतिहास कायम गरेको टिप्पणी गर्दै जनताको दैनिकीमा प्रत्यक्ष असर गर्ने यस्ता निर्णय तत्काल खारेज गर्न माग गर्नुभयो ।

सर्लाहीमा किसानले घरमा पालेर बिक्री गरेको खसी बोकालाई भन्सार छलेर ल्याएको भन्दै प्रहरीले नियन्त्रणमा लिएको विषयमा सरकारको ध्यानाकर्षण गराउँदै सांसद सिंहले प्रहरीका यस्ता गतिविधिले सीमा क्षेत्रमा बसोबास गर्ने किसानलाई समस्या भएको बताउनुभयो । "किसान गरिबलाई कृषि तथा पशुपालनमा सरकारले प्रोत्साहन गरोस्", उहाँले भन्नुभयो । रासस

# धर्म निरपेक्षताबारे सरकारको दृष्टिकोण के हो ?

काठमाण्डु । नेकपा (एमाले) का सांसद रघुजी पन्तले नेपालको असंलग्न परराष्ट्रनीतिबारे सरकारको धारणा माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा उहाँले धर्म निरपेक्षताबारे सरकारसँग प्रश्न समेत गर्नुभयो । उहाँले भन्नुभयो ,"धर्म निरपेक्षताबारे सरकारको दृष्टिकोण के हो ? यो संसद्लाई स्पष्ट पारियोस् ।"

बैठकमा आकस्मिक समयमा सांसद पन्तले भारतका लागि नेपाली राजदूत शङ्कर शर्माले धर्मनिरपेक्षता र भारतसँगको कूटनीतिक सम्बन्धबारे हालै दिएको अभिव्यक्तिप्रति आपत्ति जनाउनुभयो । उहाँले भन्नुभयो, "नेपाल असंलग्न परराष्ट्र नीतिमा अडिग हुँदै आएको छ । पछिल्लो समययता असंलग्न परराष्ट्र नीतिमा खलबल हुन थालेको छ।" सांसद पन्तले राजदूत शर्माले दिएको अन्तर्वार्तामा नेपालको धर्मनिरपेक्षतामा प्रश्न खडा गरेको बताउनुभयो । "नेपालको संविधानमा धर्मनिरपेक्षताको कुरा छ । तर राजदूतले त्यहाँ गएर धर्मनिरपेक्षाताको विपरीत कुरा गर्नुहुन्छ", उहाँले भन्नुभयो ।

सांसद पन्तले इपिजीको प्रतिवदेनप्रति राजदूत शर्माको अभिव्यक्तिप्रति आपत्ति जनाउँदै भन्नुभयो, "के इपिजीको प्रतिवेदन प्रभूत्व व्यक्ति समूहबारे राजदूतले व्यक्त गरेको विचारले नेपाल सरकारको प्रतिनिधित्व गर्छ ? गर्छ भने यो आपत्तिजनक र खेदपूर्ण छ।" सांसद पन्तले राजदूत शर्माले बिआरआइलाई 'लोन ट्र्याप' जनाउँदै दिएको अभिव्यक्तिप्रति आपत्ति जनाउनुभयो । रासस

# 'बजेट विनियोजनमा महिला र मधेशलाई उपेक्षा गरियो'

काठमाण्डु । सांसद राजकिशोर यादवले बजेट विनियोजनमा महिला र मधेशलाई उपेक्ष गरिएको भन्दै सच्चाउन माग गर्नुभएको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा विनियोजन विधेयक २०८० अन्तर्गत विभिन्न मन्त्रालयगत छलफल माथि भाग लिँदै उहाँले बजेट विनियोजन सन्तुलित रुपमा नभएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो," बजेटले महिला र मधेशलाई विभेद तथा उपेक्षा गरेको छ । मन्त्री र प्रधानमन्त्रीलाई सोध्न चाहन्छु, मधेशसँग के रिस उठेको हो ? मधेशलाई किन उपेक्षा र विभेद गरिएको हो ?"



छलफलमा भाग लिँदै सांसद भानुभक्त जोशीले बजेटको विनियोजन आवश्यकता आधारमा भन्दा पनि पहुँचका आधारमा बजेट विनियोजन गरिएकाले सच्चाउनुपर्ने बताउनुभयो। उहाँले नीति तथा कार्यक्रम र बजेट वक्तव्य अनुसार वन तथा वातावरण मन्त्रालयका लागि बजेट विनियोजन नभएको बताउनुभयो । "बझाङ जिल्लाको विभिन्न स्थानमा पहिरो नियन्त्रण र वृक्षरोपणका तथा जोखिममा रहेका बस्तीको व्यवस्थापनका लागि मन्त्रालय र विभागमा निवेदन दिएको थिए ।

तर दुई वटा सिँचाइ कुलो, सुविद्यासम्पन्न शौचालय र प्रतिक्षालयमा केही रकम विनियोजन गरिएको रहेछ", उहाँले भन्नुभयो, "कस्को सुझावमा आउछ बजेट ? यस्तो बजेटलाई कसरी समर्थन गर्ने ?" रासस

# पाँचौ साधारण सभा सम्पन्न

टुडे समाचारदाता

काठमाण्डु । सानिमा जिआइसी इन्स्योरेन्सको पाँचौ वार्षिक साधारण सभा सम्पन्न भएको छ । कम्पनीले उक्त सभा अमृतभोग कालिकास्थान काठमाडौंमा सम्पन्न गरेको हो । उक्त सभाले संचालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्ने आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गरेको छ ।




सभाले साविक सानिमा जनरल इन्स्योरेन्सको लेखापरिक्षण प्रतिवेदन सहित आर्थिक वर्ष २०७८/ ७९ असार मसान्तको वासलात २०७८ साउन १ गतेदेखि २०७९ असार ३२ गतेसम्मको नाफा नोक्सान, हिसाव नगद प्रवाह सहित सम्बन्धीत अनुसूचिहरु तथा एनएफआरएस बमोजिम वित्तीय विवरण छलफल गरी पारित गरेको छ ।

त्यस्तै,साविक जनरल इन्स्योरेन्सको लेखापरिक्षण प्रतिवेदन सहित आर्थिक वर्ष २०७८/७९ असार मसान्तको वासलात २०७८ साउन १ गतेदेखि २०७९ असार ३२ गतेसम्मको नाफा नोक्सान, हिसाव नगद प्रवाह सहित सम्बन्धीत अनुसूचिहरु तथा एनएफआरएस बमोजिम वित्तीय विवरण छलफल गरी पारित गरेको छ ।

कम्पनीले आर्थिक वर्ष २०७९/ ८० को लागि बाह्य लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गरेको छ । सभाले संस्थापक शेयरधनीको तर्फबाट कुनल कयाल, मिता मुरारका अग्रवाल, दिलिप श्रेष्ठ निर्वाचित भएका छन् भने सर्वसाधारण शेयरधनीको तर्फबाट प्रकाश मान श्रेष्ठ, हेमन्त कुमार दवाडी, सरस्वति ज्ञवाली सहित ६ संचालक निर्वाचित गरेको छ ।

सभाले कम्पनीको संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात बमोजिम संचालक समितिमा प्रतिनिधित्व हुने गरी संचालक समितिको गठन गर्नका लागि कम्पनीको नियमावलीको नियम ११ क संशोधन गर्ने, सोही बमोजिम पारित भएको सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिका लागि पेश हुँदा नियमनकारी निकायबाट कुनै फेरबदल वा संशोधन गर्नुपर्ने भएमा सोही अनुरुप संशोधन गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्नेलगायतका प्रस्ताव पारित गरेको छ ।

# राष्ट्रिय सहकारी बैंकद्वारा पुँजी फिर्ता कोषको रकम बाँडफाँट

टुडे समाचारदाता

ललितपुर । राष्ट्रिय सहकारी बैंकले संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यहरुले पाउने रकमको बाँडफाँट कार्य सम्पन्न गरेको छ ।

बिहिबार बैंकले संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यहरुले पाउने रकमको बाँडफाँट गरिएको छ।

जसबाट एउटै सदस्यले ४२ लाख भन्दाबढी रकम प्राप्त गरेको बैंकले जनाएको छ ।

सहकारी ऐन, २०७४ तथा नियमावली २०७५ को प्रावधान अनुरूप बैंकले सदस्य संघ/संस्थाहरुले जम्मा गरेको बचत रकमको लागि ४० प्रतिशत र कर्जामा तिरेको ब्याजका लागि ६० प्रतिशत भारको आधारमा कुल १८ करोड ५५ लाख १२ हजार ६ रुपैयाँ १५ पैसा संरक्षित पूँजी फिर्ता कोषको रकम बाँडफाँट गरेको बैंकले जनाएको छ ।

संरक्षित पूँजी फिर्ता कोषबाट प्राप्त हुने रकम सम्बन्धित सदस्य सहकारी संघ/संस्थाको खातामा जम्मा गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाँईले बताए । उनका अनुसार बचत र कर्जा कारोबार गर्ने १५,४७४ सहकारी संघ/संस्थाहरु को संरक्षित पूँजी फिर्ता कोषबाट लाभान्वित भएका छन् । बचत र कर्जामा उच्च कारोबार गरी योगदान गरेबापत सबैभन्दा बढी रकम फिर्ता पाउने सदस्यले बचत तर्फ ४२ लाख ७ हजार ७ सय २७ रुपैयाँ तथा कर्जा तर्फ ११ लाख ४८ हजार ४ सय ९८ रुपैयाँ सम्म प्राप्त गर्न सफल भएको प्रमुख कार्यकारी अधिकृत गुरागाँईलेले बताए । "उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक" भन्ने परिकल्पनाका साथ अघि बढेको बैंकले संरक्षित पूँजी फिर्ता कोषबाट ५० हजार भन्दा बढी रकम प्राप्त गर्ने सहकारी संघ/संस्थाहरु ७३३ रहेका छन् । हाल बैंकमा १६ हजार भन्दा बढी सदस्य सहकारी संघ संस्थाहरु रहेका छन् ।

यसअघि बैंकले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुलाई आर्थिक वर्ष २०७८/०७९ को लागि बैंकको १९ औं वार्षिक साधारण सभाबाट पारित गरी १५ प्रतिशत लाभांश वापतको रकम साधारण सभा सम्पन्न गरेको दिन गत पुस १८ गते वितरण गरेको थियो ।

# प्रतिनिधिसभामा खर्च कटौतीको प्रस्ताव पेस

काठमाण्डु । प्रतिनिधिसभामा विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाइ खर्च कटौती गरियोस् भनी प्रस्ताव पेस भएको छ । संसद्को बिहीबारको बैठकमा सांसद नारायणप्रसाद आचार्य, प्रेम सुवाल, भगवती चौधरी र सूर्यप्रसाद ढकालले विभिन्न मन्त्रालयको विनियोजन शीर्षकको खर्च रकम कटौतीको प्रस्ताव गर्नुभयो ।

सांसद आचार्यले 'विनियोजन विधेयक, २०८० अन्तर्गत वन तथा वातावरण मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्' भरी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै बजेट सन्तुलनकारी नदेखिएको, प्राकृतिक साधनस्रोतको उपयोगको नीति नलिइएको, वनलाई नागरिकको जीवन र समृद्धितर्फ जोड्न नसकेको भन्दै बजेटका सम्बन्धमा सांसदले दिएको सुझावलाई सरकारले गम्भीररुपमा लिनुपर्ने बताउनुभयो । उहाँले बजेट मुलुकको आवश्यकताभन्दा विपरित आएको भन्दै पुनःसंशोधन र खर्च कटौती गरेर जानुपर्ने बताउनुभयो ।

सांसद सुवालले ' विनियोजन विधेयक, २०८० अन्तर्गत वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय शीर्षकको खर्च रकममा उल्लेखित खर्च रकम घटाइयोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै उहाँले ठूला भ्रष्टाचारी तथा देश द्रोहीलाई मृत्युदण्ड दिनुपर्ने विषय बजेटमा नआएकाले खर्च कटौती गर्नुपर्ने बताउनुभयो । उहाँले कामकाजी महिलालाई विद्यालय र विश्वविद्यालयमा निःशुल्क शिक्षा दिनुपर्ने, छाउपडी प्रथा अन्त्य गर्ने, स्थानीय टोलमा शिशु स्याहार केन्द्र र बाल उद्यान निर्माण, ज्येष्ठ नागरिकका लागि उचित पूर्वाधार स्थापना गर्ने विषय बजेटमा नआएको बताउनुभयो ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : धन बृद्धि सञ्चय । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बिजुली अवरुद्ध

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको उत्तरी चुरेभेग र त्यसआसपासका बस्तीमा दुई दिनदेखि विद्युत् अवरुद्ध हुँदा स्थानीय अन्धकारमा बस्न बाध्य भएका छन् ।

मङ्गलबार रातिदेखि चुरेभेगका बस्ती र चुरेपाखा तल फेदीका बस्तीहरुमा बिजुली अवरुद्ध भएको छ ।

ईश्वरपुर नगरपालिका-१२ घारिबथानका अर्थबहादुर बम्जनले आफूहरुको क्षेत्रमा मङ्गलबार रातिदेखि बिजुली अवरुद्ध भएकाले मोवाइल चार्ज गर्न समेत नपाएको गुनासो गरेका छन् ।

चार्ज नभएर मोवाइल 'अफ' हुँदा स्थानीय सञ्चार सम्पर्कविहीन बनेका छन् । हावाहुरीले ठाउँ-ठाउँमै पोल भाँचिएको र तार लत्रिएर भूइँमा खसेकाले चुरेभेगमा विद्युत् अवरुद्ध भएको छ ।

बत्ती अवरुद्ध हुँदा कुटानिपिसानी गर्ने मिल र अन्य विद्युतीय उपकरणबाट हुने सम्पूर्ण काम ठप्प भएका छन् । स्थानीय वडा कार्यालय र अन्य संघसंस्था तथा कार्यालयको कामकाज पनि प्रभावित बनेको छ ।



मङ्गलबार रातिको हावाहुरीले हरिवन नगरपालिका-१ बिलन्दीमा बिजुलीको पोल भाँचिदा दुई सय घरधुरी अन्धकारमा बस्न बाध्य भएका स्थानीय राजु लो तामाङले बताए ।

हावाहुरीले पूर्व-पश्चिम राजमार्ग क्षेत्र र बजार भेगमासमेत व्यापक क्षति गरेकाले नेपाल विद्युत् प्राधिकरणका कर्मचारी गाउँतर्फ पस्न पाएका छैनन् । लालबन्दी वितरण केन्द्रका प्रमुख सञ्जिवकुमार साहले हिजो दिउँसोपखको हावाहुरीले नवलपुर स्थित बागवानी जङ्गलमा दुईवटा रुख ढलेर ११ वटा पोलको तार लत्रिएकाले सबै प्राविधिकले त्यसैमा लागिपरिरहेका बताए ।

उनका अनुसार हरिवन, हरिपुर, बागमती क्षेत्रमा भने बत्ती सूचारु नै छ । लालबन्दी क्षेत्रमा राति हरिपुरबाट तानिएको बत्ती जोडिएको भए पनि त्यताबाट पनि प्राविधिक समस्या आएपछि बिहानबाट फेरि बत्ती अवरुद्ध भएको उनले बताए ।

बत्ती अवरुद्ध हुँदा जिल्लाको प्रमुख व्यापारिक केन्द्र लालबन्दीमा बिजुलीबाट हुने सबै काम ठप्प भएका छन् ।

वितरण केन्द्र प्रमुख साहका अनुसार मङ्गलवार रातिको हावाहुरीले लालबन्दी ६ स्थित फुलबल चौर क्षेत्र र लालबन्दी १७ रानिगञ्ज जङ्गल क्षेत्रमा बिजुलीको खम्बा र तारमा धेरै क्षति पुऱ्याएकाले मर्मतमा समय लागिरहेको छ ।

उनले बागवानी जङ्गल क्षेत्रमा लत्रिएको तार उठाएपछि प्राविधिक टोलीलाई भित्री बस्तीतर्फ परिचालन गरिने बताए ।

प्राधिकरणसँग प्राविधिकसमेत थोरै हुँदा अहिले हावाहुरीको समस्यामा विद्युत् अवरुद्ध भएपछि सूचारु गर्न समय लाग्ने गरेको छ ।

# अनियमितता बारे छानबिन सुरू

राकेश यादव

गौर । नेपाल नेत्र ज्योति संघ केन्द्रीय कार्यालय काठमाण्डुको नाउमा नेपाल नेत्र ज्योति संघ रौतहटले खरिद गरेको घर जग्गाको विषयमा छानबिन सुरू भएको छ ।

रौतहटको चन्द्रनिगाहपुरमा रहेको आखा उपचार केन्द्रको लागि नेपाल नेत्र ज्योति संघ गौरले खरिद गरेको १ करोड ९ लाख रुपैयाँमा २ धुर जग्गाको विषयमा केन्द्रीय समितिले छानबिन समिति गठन गरी छानबिन प्रक्रिया अगाडि बढाइएको छ ।

२०७९ साल असोज १२ गतेमा ९ लाख ३२ हजारमा खरिद भएको चन्द्रनिगाहपुर वड़ा नम्बर १ किता नम्बर ७२४३ को क्षेत्रफल २ धुर जग्गा चन्द्रनिगाहपुर आखा अस्पतालका प्रमुख डाक्टर रेयाज , नेपाल नेत्र ज्योति संघ रौतहटका पदाधिकारी र खरिद समितिको मिलेमतोमा सो जग्गा २०७९ साल चैत २६ गतेमा १ करोड़ ९ लाखमा खरिद गरेको विषय सार्वजानिक भए पछि नेपाल नेत्र ज्योति संघ केन्द्रीय कार्य समितिले छानबिन प्रक्रिया सुरू गरेको छ ।



नेपाल सरकारको एलानी ८ धुर जग्गा अतिक्रमण गरी करीव ९ धुरमा निर्माण गरिएको ४ कोठाको दुई तल्ले घरसहित २ धुर जग्गा खरिदमा १ करोड़ रकम दुरूपयोग गरिएको विषय सार्वजानिक भए पछि बास्तविकता बुझ्नको लागि दुई सदस्यीय छानबिन समिति गठन गरी पठाइएको नेपाल नेत्र ज्योति संघ केन्द्रीय कार्य समितिका महासचिव भारत चन्दले जानकारी दिए ।

समितिमा केन्द्रीय सदस्यसित कुमार मास्के र डा. कौशल वर्मा रहेको छानबिन टोलीले जग्गा खरिदको प्रक्रिया , आवश्यक कागजात बारे अध्ययन गर्नुको साथै नागरिक समाज , सम्बन्धित वड़ा अध्यक्ष , मालपोत कार्यालय प्रमुख तथा संचारकर्मीहरु सित छलफल गरिने बताए ।

आँखा अस्पतालको लागि बाजार भन्दा बाहिर बढ़ी जग्गा हुनसक्ने भए पनि संघले सो नगरी चर्को मूल्यमा २ धुर जग्गा खरिद गरेको प्रति स्थानीयहरुको नकारात्मक टिपण्णी रहेको छ ।

कल्पना अधिकारीको नाउ बाट ९ लाख ३२ हजारमा स्थानीय चन्द्रपुर नगरपालिका-९ का धनमायाको नाउँमा खरिद गरेका डा. रेयाजले रकमी चलखेल गरी आफ्नो कर्मचारी यसोदा परियारको सासु रहेकी धन मायाबाट १ करोड़ ९ लाखमा नेत्र ज्योति संघको नाउँमा रजिस्ट्रेशन गराएकोले आर्थिक अनियमितता भएको शंका रहेको छ ।

# वडा कार्यालय घेराउ

रुपेन्द्र पटेल

रौतहट । चन्द्रपुर नगरपालिका -१० को कार्यालयमा स्थानीय महिला समूहले विरोध प्रदर्शन गर्दै घेराउ गरेका छन् ।

बिहीबार दिउँसो उनीहरुले विभिन्न नाराबाजी गर्दै वडा कार्यालय घेराउ गरेका छन् ।





किसान मार्न पाइदैन्, किसानको माग पूरा गर जस्ता नाराबाजी गर्दै वडा कार्यालय घेराउ गरेका थिए ।

वडामा रहेका कृषि समूहसंग आवद्ध महिलाहरुले वडा कार्यालय घेराउ पछि महिला समूह र वडाअध्यक्षसहितको जनप्रतिनिधिहरुको बीचमा सहमति भएको थियो ।

वडा अध्यक्ष टंकेश्वर चौधरीले वडामा रहेका महिला कृषक समूहका लागि ३० वटा बोरिङ ,दलित महिला समूहका लागि ५ लाख बराबरको बंगुर पालनका लागि रकम विनियोजन ,बालिनालीमा विषादी छर्ने ८० थान स्प्रे ट्याङकी दिने सहमति गरेका थिए ।

महिला कृषक समूहका लागि उनीहरुको माग बमोजिम विहीबार नै वडाका निर्वाचित जनप्रतिनिधिले ती सामग्री तत्काल उपलब्ध गराउने प्रतिबद्धता जनाएका थिए ।

महिला कृषक समूहको माग जायज रहेका कारण आफूहरुले उनीहरुको माग तत्काल पूरा गर्ने गरी काम थालेको वडा अध्यक्ष चौधरीले जानकारी दिएकाछन् ।

सो वडाका अधिकांस महिलाहरु महिला कृषक समुहमा आवद्ध रहेर कृषि कर्ममा सक्रिय रहँदै आएका कारण वडाले आफ्नो तर्फबाट माग पूरा गर्ने आश्वासन दिएको वडा कार्यालय घेराउ गर्न पुगेकी एक महिलाले जानकारी दिएकी छन् ।

# चोरीको सामानसहित मोटरसाइकल नियन्त्रणमा

टुडे समाचारदाता

मलंगवा । सशस्त्र प्रहरीले सर्लाहीको बसबरिया गाउँपालिका-५पोखरियाइलाकाबाट ५ लाख ६ हजार बराबरको ३६ थान मोबाइल र ४ बोरा बिँडी सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश मनुष्माराले नियन्त्रणमा लिएको छ ।





सामान ल्याउने व्यक्तिहरु भने सशस्त्र प्रहरीलाई देख्नासाथ सामानसहित मोटरसाइकल छाडी फरार भएका थिए ।

रुपैयाँ बराबरको चोरीपैठारीको मोबाइल र बिँडीसहितको दुई वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ ।

भारतबाट भन्सार छली गरेर अबैध रुपले मोटरसाइकलमा राखेर नेपालतर्फ ल्याउँदै गरेको उल्लेखित मूल्य

नियन्त्रणमा लिइएको सामान र मोटरसाइकल आवश्यक कारवाहीको लागि सर्लाही भन्सार कार्यालय मलंगवामा बुझाइएको छ ।

# पुलमा गुणस्तरहीन सामग्री प्रयोग



टुडे समाचारदाता

राजविराज । सप्तरीको हुलाकी लोकमार्ग अन्तर्गत राजविराज-कन्चनपुर सडकखण्डको खाँडो नदीको पुल निर्माण सम्पन्न भएको पाँच वर्ष नवित्दै उप्किन सुरु भएको छ ।

नेपाल सरकारको कुल १० करोड रुपैयाँको लागतमा अरुण लामा जेभी कन्स्ट्रक्सनले बनाएको पुल पाँच वर्ष नपुग्दै उप्किन सुरु भएको छ ।

निर्माण गरिएको पुलमा गुणस्तरहीन सामग्री प्रयोग गरिएको आरोप छ । पुलको गुणस्तरहीन काम ढाकछोप गर्न ठाउँ ठाउँमा सिमेन्टको घोल हालेको स्थलगत रूपमा स्पष्टै देखिएको नेकपा (माओवादी केन्द्र) का नेता दीपेन्द्र माझीको आरोप छ ।

महादेवा गापा-४ का विकास तिवारीका अनुसार पुल निर्माण सम्पन्न भएको करीब पाँच वर्षमा नै पुल जीर्ण अवस्थामा पुगेको र तत्काल यसको मर्मत सम्भार गरिएन भने जुनसुकै बेला भत्किन सक्ने अवस्थामा पुगेको छ ।

जिल्लाको सदरमुकाम राजविराजसँग पूर्वी भागलाई जोड्ने यो पुलको तत्काल मर्मतसम्भार गर्न गराउन तथा यस्ता कमसल प्रकृतिको काम गर्ने निर्माण कम्पनी र प्राविधिकलाई कारबाहीको दायरामा ल्याउनुपर्ने तिवारीले बताए ।

# प्रजनन स्वास्थ्य तालिम

टुडे समाचारदाता

गौर । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रदेश तालिम केन्द्र पथलैया बाराको आयोजनामा विपद्को समयमा यौन तथा प्रजनन स्वास्थ्य सेवाका लागि न्यूनतम प्रारम्भिक सेवा सामग्री एमआईएसपी सम्बन्धी चार दिवसीय तालिम रौतहटको गौरमा सम्पन्न भएको छ ।



आस्ट्रेलियन एड ,यूएनएफपीएको सहयोग तथा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय विपद् व्यवस्थापन विभागको सहकार्यमा विपद्का समयमा यौन तथा प्रजनन स्वास्थ्यका कारणबाट हुने बिरामीपन र मृत्युलाई रोक्न तथा यौन तथा प्रजनन स्वास्थ्य सेवको पहुँच बढाउनका लागि पूर्व तयारीका लागि ० देखि १२ सम्म १३ किसिमका यौन तथा प्रजनन स्वास्थ्य सामग्री व्यवस्थापन गर्ने उद्देश्यले तालिमको सञ्चालन गरिएको थियो ।

सहभागीहरुलाई प्रदेश तालिम केन्द्रका थालेन्द्र पगेनी , नेपाल रेडक्रस सोसाइटीका नागेन्द्र अर्याल , अनिल यादव , यूएनएफपीएका कशी पोखरेल तथा रामदेनी सिंहले प्रशिक्षण दिएका थिए ।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका सभापति राजकिशोर प्रसाद यादवको अध्यक्षतामा सम्पन्न तालिम कार्यक्रममा सहभागीको तर्फबाट रोशनी श्रेष्ठ र तारकेश्वर पटेलले चार दिनमा हासिल गरेको उपलब्धि ज्ञान बारे आ-आफ्नो विचार प्रस्तुत गरेका थिए ।

# कारको ठक्करबाट वृद्धको मृत्यु

टुडे समाचारदाता

मलंगवा । सर्लाहीमा कारको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ। मृत्यु हुनेमा सर्लाहीको कविलासी नगरपालिका -१० का ६५ वर्षीय सोनेलाल राय यादव छन् ।

नवलपुरबाट मलंगवातर्फ जाँदै गरेको बा.४ च ९२०० नम्बरको कारले ठक्कर दिंदा यादवको घटनास्थलमै मृत्यु भएको सर्लाहीका प्रहरी प्रवक्ता डिएसपी दीपेन्द्र पजियारले जानकारी दिए।

ठक्कर दिने गाडी र चालकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

# करेन्ट लागेर मजदुरको मृत्यु

टुडे समाचारदाता

कलैया । बारामा भाइब्रेसन यन्त्र चलाउने क्रममा तार सरटेज भइ करेन्ट लागेर एक मजदुरको मृत्यु भएको छ । मृत्यु हुनेमा जिल्लाको देवताल गाउँपालिका वडा नम्बर-४ का सुनिल राम रहेका छन् ।

देवताल गाउँपालिका-४ स्थित नेरा मा वि पिप्राढीमा निर्माण भइरहेको ४ कोठे भवनको कार्य गरिरहेको क्रममा करेन्ट लागेर रामको मृत्यु भएको छ।

ताज कन्स्ट्रक्सन वीरगञ्जले ठेक्का कबुल गरी आयोजना सञ्चालन गरिरहेको क्रममा रामको भाइब्रेसन यन्त्र चलाउने क्रममा तार सरटेज भइ करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।कन्स्ट्रक्सन कम्पनीको लापरवाहीका कारण सो घटना भएको मृतकका बुवा धवल रामले बताए । काममा रहेका कुनै पनि कर्मचारीलाई सुरक्षाका सामग्री कम्पनीले नदिएको उनको गुनासो छ।

मुलुकीसंहिता ऐन २०७४ को दफा १८१, १८२ र १८३ मा कुनै पनि व्यक्तिलाई लापरबाहीले मार्न नमिल्ने प्रावधान रहेको छ । तर, कन्स्ट्रकसन कम्पनीले कटेछटेका तार प्रयोग गर्नु र भाइब्रेसन मसिनमा करेन्ट पास भइ मानिसको ज्यान जानु कम्पनीको लापरबाही रहेको बताइएको छ ।

# समृद्धिका लागि वन परियोजना

टुडे समाचारदाता

जनकपुरधाम । समृद्धिका लागि वन परियोजना कार्यक्रम अन्तर्गत धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा न्यायिक समितिलाई गुनासो निवारण संयन्त्रमा क्षमता विकास वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी अभिमुखिकरण गोष्ठी सम्पन्न भएको छ ।

स्थानीय पुष्पवाटिका एजुशेशनल एकेडमीमा लक्ष्मीनियाँ गाउँपालिकाको वन तथा वातावरण शाखले आयोजना गरेको उक्त कार्यक्रममा गाउँपालिका अध्यक्ष भोगेन्द्र मिश्रले वन जंगलको संरक्षणमा जोड दिदैँ वनले पनि आर्थिक सम्वृद्धिमा टेवा पुग्ने बताए ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष मिश्रले खेता योग्य नरहेको जग्गामा वृक्षरोपण गरी आर्थिक आम्दनी लिनसक्ने बताए ।



कार्यक्रममा सहभागी रहेका मधेश प्रदेश वन निर्देशनालयका उपसचिव सुजित झाले वनको माध्यले जनताको जीवन स्तर उकास्न नेपालका तीनै तहका सरकारले सम्वृद्धिका लागि वन परियोजना संचालनमा रहेको बताए ।

नेपाल सरकार र विश्व बैंकको बीचको सम्झौता अनुसार यी कार्यक्रममा संस्थागत विकास, संस्थागत सुशसानसहित विभिन्न चार क्षेत्रमा काम हुने उनले बताए ।

लक्ष्मीनियाँ गाउँपालिका उपाध्यक्ष फुलकुमारी यादवको अध्यक्षतामा भएको कार्यक्रममा सो गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र प्रसाद यादव सहित गाउँपालिकाका सात वटै वडामा कार्यपालिका सदस्यहरु तथा स्थानीय किसानहरुको सहभागिता रहेको थियो ।

# रोगको निगरानी र नियन्त्रण सम्बन्धी छलफल

टुडे समाचारदाता

कलैया । जीतपुरसिमरा उपमहानगरपालिकाले महामारीजन्य रोगको रोकथाम , नियन्त्रण तथा स्वास्थ्यकर्मी परिचालन सम्बन्धमा अन्तरक्रिया गरेको छ ।

उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखाको आयोजनामा भएको कार्यक्रममा स्वास्थ्यकर्मीहरुलाई महामारी तथा आपतकालीन अवस्थामा कसरी व्यवस्थापन गर्ने ,महामारीजन्य रोगहरुको रोकथाम , निगरानी र नियन्त्रण सम्बन्धमा छलफल भएको जनस्वास्थ्य पवर्द्धन शाखाका अधिकृत रवि भाष्करले जानकारी दिए ।



महामारीको समयमा द्रुत गतीले कार्य गर्न जनस्वास्थ्य प्रवर्द्धन शाखाको प्रमुख भाष्कारको नेतृत्वमा ११ सदस्यीय मेडिकल टिम गठन गरिएको छ ।

गठन गरिएको मेडिकल टिम नगर प्रमुख राजन पौडेलको संयोजकत्वमा रहने पाँच सदस्यीय टोलीको निर्देशनमा काम गर्नेछ ।

जीतपुरसिमरा उपमहानगरपालिकाको २४ वटै वडाको स्वास्थ्य चौंकीमा कार्यरत स्वास्थ्य प्रमुख तथा प्रतिनिधिहरुको उपस्थित रहेको थियो ।

अन्तरक्रियामा जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख रबि भाष्कर र डा. दीपक गिरीले स्वास्थ्यकर्मीहरुलाई कोभिड लगायत महामारीजन्य रोगहरुको समयमा स्वास्थ्यकर्मीले ध्यानदिनुपर्नेमा जोड दिएका थिए ।


**जगदम्बा बचत तथा ऋण सहकारी संस्था लि.**
**जनकपुरधाम ११, (धर्म संस्था भवन) मिल्सएरिया**

**कर्मचारी पदपूर्ती गर्ने सम्बन्धि सूचना**

**प्रकाशित मिति २०८०/०३/०१**

यस जगदम्बा बचत तथा ऋण सहकारी संस्था लि. कार्यालयमा तपसिल बमोजिमका कर्मचारी आवश्यक भएकोमा सेवा करारमा न्युतम शैक्षिक योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मिति १५ दिन भित्र यस कार्यालयमा दरखास्त दिन आउन हुनका लागि सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं | पद | माग संख्या | न्युतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | व्यवस्थापक | १ | बि.बि.एस. सो सरह |

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
२. हालसालै खिचेको पासपोर्ट साईजको फोटो ।
३. न्यूतम शैक्षिक योग्यता तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपी ।
४. अनुभव भए सोको प्रमाण पत्रको प्रतिलिपी ।
५. बचत तथा ऋण सहकारी संस्थामा २ वर्ष व्यवस्थापक भई काम गरेका र Computer ज्ञान भएको प्रमाण पत्रको प्रतिलिपी ।

**प्रकाश भन्द्र साह**



**जनकपुरधाम उप-महानगरपालिका, पिराडी चोक देखि पश्चिम, सिरहा मार्टको Opposite मा संचालित CFC Food Cafe मा विभिन्न परिकारको गुणस्तरीय तथा स्वादिष्ट खाना, नास्ताको लागि एकपल्ट सेवाको मौका दिनुहोस । ग्राहकको सन्तुष्टि नै हाम्रो सन्तुष्टि हो ।**

**हाम्रो स्पेशल परिकारहरू**


| | |
|---|---|
| Chicken Angara | 375/- |
| Chicken Cutlet | 320/- |
| Chicken Golden Fry | 330/- |
| Chicken Masala | 320/- |
| Mutton Masai Tikka | 475/- |
| Fish Tikka Crim | 395/- |
| Paneer Golden Fry | 255/- |
| Paneer Kurkure | 275/- |
| Veg 65 | 280/- |
| Soup | 150/- |
| Chicken Finger | 350/- |
| C.F.C. Damm Biryani | 495/- |
| Panjabi Paneer Pakauda | 295/- |





**सम्पर्क ठेगाना**

**CFC Food Cafe**
Janakpurdham, Pirari Chowk
Contact NO. 9801670101



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# संकटमा विश्वविद्यालय

नेपाल सरकारको पूर्ण अनुदान सहयोग रहे पनि स्वायत रहेको राजर्षिजनक विश्वविद्यालय संकटमा परेको छ। विश्वविद्यालयको स्थापना नै व्यक्तिगत स्वार्थलाई केन्द्रमा राखेर गरिएकाले त्यसको भविष्यमाथि नै प्रश्न खडा भएको छ। विश्वविद्यालय स्थापना गर्नु ठूलो सफलता, उपलब्धि हो। तर त्यसलाई स्वायतता दिएर काम गर्न नदिने मनसाय बनाएपछि स्वभाविक रुपमा त्यो अगाडि बढन अनेकौ समस्याको सामना गर्नुपर्ने हुन्छ। राजर्षिजनक विश्वविद्यालयको अवस्था पनि त्यही भएको छ। सरकारले अनुदान दिएर मात्र विश्वविद्यालय सञ्चालन हुन सक्दैन्। विश्वविद्यालय सञ्चालनका लागि समर्पित दक्ष जनशक्ति र इमान्दार, कर्तव्यनिष्ठ, निस्वार्थी पदाधिकारी हुनु आवश्यक छ। विश्वविद्यालयका लागि आवश्यक पूर्वाधार हुनु अत्यावश्यक छ। तर भाडाको घरमा विश्वविद्यालय खडा गरिएको छ। विद्यार्थीले अध्ययन गर्न नपाए पनि प्राध्यापक र कर्मचारीले समयमै तलब, भत्ता पाएका छन्। विश्वविद्यालयले सञ्चालन गरेको एउटा क्याम्पस बाहेकको उपलब्धि केही छैन। विद्यार्थीहरुका लागि पठनपाठनको समुचित व्यवस्था छैन।विश्वविद्यालयले सञ्चालन गरेको कक्षा कोठा परम्परागत रहनु हुँदैन्। अत्याधुनिक सुविधा सम्पन्न कक्षा कोठा, पठनपाठनको समुचित वातावरण र विज्ञ प्राध्यापकहरुको व्यवस्थापन हुनु आवश्यक छ। सरकारले उपलब्ध गराउने बजेट कर्मचारी, प्राध्यापक र पदाधिकारीका लागि मात्र होइन्।दक्ष जनशक्ति तयार गर्न सरकारी लगानीको सदुपयोग हुनुपर्छ।विश्वविद्यालय स्थापनाका लागि झण्डै २ दशक समय लागेको थियो।विभिन्न अवरोधहरु पार गर्दै स्थापना भएको विश्वविद्यालय लथालिंग भएको छ। विश्वविद्यालयमा सरकारले गरिरहेको लगानी सार्थक हुन सकिरहेको छैन। राजर्षिजनक विश्वविद्यालय स्थापना भएको ६ वर्ष भइसकेको छ। अझै विश्वविद्यालय बहालमै रहेको छ। त्यसले सञ्चालनमा ल्याएको एउटा कलेज जीर्ण भइसकेको एउटा विद्यालय भवनमा सञ्चालित छ।डेढ दशक पूर्व नै त्यो विद्यालय बन्द भइसकेको छ। विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीका लागि आधुनिक सुबिधा सम्पन्न कक्षा कोठादेखि प्रयोगशालासम्म हुनुपर्छ। विश्वविद्यालयको अवस्था दयनीय हुनुको प्रमुख कारण खास दलका एकजना नेताले मनपरी ढंगले पदाधिकारी र कर्मचारी भर्ना गर्नु हो। राजर्षिजनक विश्वविद्यालयलाई प्रदेश सरकार, जनकपुरधाम उपमहानगरपालिका लगायत कुनै पनि निकायले अपनत्व महसुस गर्न सकेनन्। कुनै व्यक्तिको निजी संस्था जस्तो बनेको विश्वविद्यालय धराशायी हुनु अस्वभाविक होइन्।राजर्षिजनक विश्वविद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कुनै निकायले चासो देखाएको छैन्। पदाधिकारी र कर्मचारीहरुले नियमित रुपमा तलब, सुबिधा पाइरहेकाले चुप छन्।संघीय सरकारले लगानी गरे पनि विश्वविद्यालय स्वायत शिक्षण संस्था हो। तर लथालिंग भएपछि संघीय सरकारले त्यसमा हस्तक्षेप गरी सुधारका लागि प्रयास गर्नु आवश्यक छ। विश्वविद्यालयको संस्थापक कुलपतिलगायतका पदाधिकारीहरुले अवकाश प्राप्त गरेपछि हालसम्म पुनःपदाधिकारी नियुक्त हुन सकेको छैन्।सरकारले पदाधिकारी नियुक्तिलगायत पठनपाठनको समुचित व्यवस्थापन तत्काल गर्नुपर्ने भएको छ। राजर्षिजनक विश्वविद्यालयलाई संकटमुक्त बनाउनु आवश्यक छ।

# दरिद्रता र कष्टहरु निवारण गर्ने व्रत प्रदोष



रामहृदय यादव

प्रत्येक पक्षको त्रयोदशीका दिन लिइने व्रतलाई प्रदोष व्रत भनिन्छ। प्रत्येक दिन सूर्यास्तपछि रात्रिकाल प्रारम्भ हुने साँझको लगभग साँढे दुई घण्टाको अवधिलाई प्रदोष काल भनिन्छ। अर्थात् रात्रीमानको पाँच भागको सुरुको एक भाग। यस कालमा त्रयोदशी तिथिको संयोग परेको दिन नै प्रदोष व्रत गरिने दिन हो। यस व्रतमा भोले शङ्कर (महादेव) को पूजा-आराधना गर्ने परम्परा छ।

यो व्रत लिएपछि ज्ञानशक्ति, विचारशक्ति, बुद्धि, श्रद्धा, मेधा, भक्ति तथा पवित्रतामा वृद्धि हुन्छ। अन्तरात्मा शुद्ध हुन्छ। भगवान् भोले शङ्कर अविनाशी हुनुहुन्छ। यिनलाई प्रसन्न तुल्याउनका निमित्त विभिन्न धर्म ग्रन्थहरूमा कतिपय उपवास र व्रतका बारेमा उल्लेख गरिएको छ। ती मध्येकै एउटा व्रत हो - प्रदोष व्रत।

व्रतको दिन दम्पतिसहित व्रतालुले प्रातः ऊषाकालमा स्नान गरेर शिव, पार्वती र गणेशको संयुक्त आराधना गरी शिव मन्दिरमा गई शिवलिङ्मा जलाभिषेक गर्नु पर्दछ। त्यसपछि पीपलको रूखमा जल चढाई व्रतालुले दिनभरि पानी पनि नखाई व्रत सम्पादन गर्ने नियम छ।

प्रातः कालमा स्नान गरी भगवान् शिवलाई बेलपत्र, गङ्गाजल, अक्षता, धूप, दीप, नैवेद्य सहित पूजा गर्नुपर्छ। सन्ध्या कालमा पुनः स्नान गरी बिहानकै विधिले शिवजीको पूजा गर्नुपर्दछ। यसरी प्रदोष व्रतको पूजा सम्पन्न गर्नाले व्रतालुले इच्छाएको कामना पूरा गर्न सक्दछ।

साँझको समयमा यो व्रत लिने व्यक्तिले फलामको कराईमा कालो दाल, मोटा चामल, तिल आदि मिसाएर खिचडी पकाएर भोजन गर्नुपर्दछ। त्यसरी पकाइएको खिचडीको चार भागको एक भाग कालो कुकुर वा गाईलाई खान दिनुपर्छ। प्रदोष व्रत ती व्यक्तिहरूका निमित्त मनोकांक्षा पूर्ण गर्ने व्रत पनि हो, जसले चन्द्रमा ग्रहको पीडा भोग्नु परेको छ। त्यस्तै चन्द्रमा ग्रहको पीडाबाट मुक्ति प्राप्त गर्न वर्षभरी आउने समस्त प्रदोष व्रतलाई सम्पादन गर्नु, फलाम, तिल, कालोदाल, सुठुनी (शकरखण्ड), मूला, पिँडालु, कम्बल, जूत्ता र कोइला आदि दान गर्दा लाभ प्राप्त हुन्छ।

शनिबार वा मङ्गलबार परेको प्रदोष व्रतका भगवान् शिवजीको मन्दिर, हनुमानको मन्दिर वा भैरव मन्दिरमा पूजा मात्र गर्दा पनि लाभ प्राप्त हुन्छ। यद्यपि जुनसुकै बारमा परे पनि प्रदोष व्रतको महत्त्व उत्तिकै हुन्छ, तथापि सोमबार, मङ्गलबार र शनिबारका दिन परेको प्रदोष व्रतलाई अत्यधिक प्रभावकारी मानिएको छ।

### शनि प्रदोष व्रत र कथा

शनि प्रदोष व्रतको विधिवत् पालना गर्नाले सन्तान प्राप्ति हुन्छ। खासगरी पुत्रको कामना हुने दम्पतिले यस व्रतलाई विधिवत् सम्पादन गर्नु पर्दछ। पुत्रको कामना हुने पतिपत्नीले व्रतका दिन गुलिया खाद्यपदार्थहरू गाई, ब्राह्मण र गरिबगुरुबालाई वितरण गर्दा बढी लाभ प्राप्त हुन्छ। चन्द्रमा र शनिको युति भएका व्यक्तिहरूमध्ये बृष, मिथुन, कन्या, तुला, मकर र कुम्भ राशि भएका जातकले यो व्रत आजीवन लिनु राम्रो हुन्छ। आजीवन व्रत सम्पादन गर्न कठिनाइ हुने मनुष्यले कम्तीमा १६ वटा, १६ महिना, १६ वर्ष आदि १६ को सङ्ख्या पुऱ्याएर व्रतको उद्यापन गर्नु पर्दछ। शनि प्रदोष व्रतको व्रतकथा यस प्रकार छ- प्राचीन समयको कुरा हो। एउटा सहरमा शिवधन नाम गरेका वैश्य बसोबास गर्दथे। भौतिक सुख-सुविधा सम्पन्नताका कारण ती वैभवपूर्ण जीवनयापन गर्दथे।


उनको धन र वैभवको तुलना त्यस नगरमा अरु कसैसँग हुँदैनथ्यो। ती साहुजी अत्यन्त दयालु थिए। उनकहाँ पुगेको कुनै व्यक्तिले खाली हात फर्कनु पर्दैनथ्यो। जसलाई पनि उनी इच्छाएको वस्तु प्रदान गरेरै पठाउने गर्दथे। यसरी अर्काको सुख र हीत चाहने ती साहुजीका कुनै सन्तान थिएनन्। सन्तानहीनताका कारण ती साहुका बूढाबुढी नै अतीव चिन्तित थिए। बुढ्यौली आउन लाग्दा समेत सन्तान नभएको खिन्नताका कारण एक दिन ती दुबै दम्पतीले तीर्थमा गएर बाँकी जीवन बिताउने निर्णय गरे।

आफ्ना समस्त कारोबार र व्यवसाय नोकर-चाकरलाई सुम्पिएर ती साहुसाहुनी सहरबाट बाहिरिए। तिनीहरू त्यस नगरको सीमाबाहिर मात्र पुगेका थिए, उनीहरूले एउटा ठूलो रुखमुनि समाधि लगाएर बसेका एक जना साधुलाई देखे। हेर्दा ती साधु तेजस्वी देखिन्थे। दुबैले ती यसभन्दा पहिले नदेखिएका साधुसित आशीर्वाद प्राप्त गरेर यात्रामा जानु श्रेयस्कर हुने ठहर्याए। ती समाधिस्थ योगीको आशीर्वाद ग्रहण गर्ने काम चुनौतीपूर्ण थियो किनभने उनी अविचल भई ध्यानपूर्वक समाधिमा लीन थिए। समाधिमा रहेका योगीलाई ब्युझाउँदा उल्टै रिसाउने डर पनि थियो।

त्यसैले ती दम्पत्ति समाधिस्थ मुनिका सामु हात जोडेर धैर्यतापूर्वक उनको समाधि टुट्ने आशामा प्रतीक्षा गर्न थाले। बिहानदेखि नै बसेका ती साहुसाहुनी हात जोडेकोजोडै भए, साँझ पर्यो, राती भयो, रात बित्यो तर साधुको समाधि भङ्ग भएन। भोलिपल्ट उज्यालो भएपछि बल्ल जोगी ब्युँझिए। वैश्य पति-पत्नी धैर्यपूर्वक हाथ जोडेर बसिरहेका थिए। ती दम्पतीलाई आफ्ना अगाडि सेठजीका पति-पत्नीलाई देखेर मन्दमन्द मुस्कुराउँदै आशीर्वाद स्वरूप हात उचाल्दै मुनिले भने - 'मैले तिमीहरूको अन्तर्मनको व्यथा पहिचान गरिसकेको छु अनि मेरो समाधि खुल्ने प्रतीक्षा गर्दागर्दै तिमीहरूले अज्ञानतामा नै ठूलो पुण्य प्राप्त गरिसकेका छौ। हिजो शनिबार र प्रदोष व्रत परेको महत्त्वपूर्ण दिन थियो। त्यसैले तिमीहरूको व्रत पूर्ण भएको छ। तिमीहरूलाई सन्तान प्राप्त हुनेछ।

अब तीर्थवास गर्ने आवश्यकता छैन। बरु अहिले तीर्थयात्राका लागि जाओ र फर्किएर सँधै भक्त वत्सल भगवान् भोले शङ्करको आराधना गरेर सुखी गृहस्थी जीवन आफ्नै घरमा बसेर यापन गर।'

साधुका कुरा सुनेर प्रसन्न भएका ती दम्पत्तीले साधु र भगवानको भूरिभूरि प्रशंसा गरे अनि आफूले नजानीकन लिएको प्रदोष व्रतको महात्म्य र व्रत विधान बताइदिन ऋषिसँग प्रार्थना गरे। साधुले निष्ठापूर्वक विधि विधानले सम्पादन गर्दा सुयोग्य सन्तान दिलाउने शनि प्रदोष व्रत लगायत समस्त प्रदोष व्रतको महात्म्य र विशेषता बताएर व्रत सम्पादन गर्ने विधि विधान र नियम बताइ दिए। मुनिसित आशीर्वाद र विदा प्राप्त गरी ती दम्पती तीर्थयात्रा गर्न गए र यात्राबाट फर्किएपछि घरमा आएर नियमपूर्वक शनि प्रदोष व्रतको दिनबाट सुरु गरी प्रत्येक प्रदोष व्रतका दिन व्रत लिन थाले। कालान्तरमा शिवधन वैश्यका घरमा एउटा सुन्दर पुत्रको जन्म भयो। यसरी शनि प्रदोष व्रतको प्रभावले ती वैश्यको जीवनमा छाएको अन्धकार लुप्त भयो। ती दम्पती पुत्र प्राप्त भएपछि आनन्दपूर्वक जीवनयापन गर्न थाले। प्रदोष व्रतको निष्ठापूर्वक गरिने आराधनाको प्रभावले सांसारिक दुःखको निवृत्ति हुन्छ। केवल चन्द्रमाको दशानिवारण र सन्तान प्राप्तिका लागि मात्र होइन यस व्रतले सुख सम्पदायुक्त जीवन शैली, यश, कीर्ति, ख्याति र वैभव प्रदान गर्दछ। विशेषतः श्रावण, भाद्रपद, कार्तिक र माघ महिनामा पर्ने प्रदोष व्रतले वर्तमान युगको प्रभावबाट सिर्जना हुने समस्त शारीरिक र भौतिक कष्टको निवारण गर्न ठूलो सघाउ पुर्याउँछ। शनिबार बाहेक अन्यबारका दिन परेको भएपनि प्रदोष व्रतको निष्ठापूर्वक पालना गर्नाले शनिको प्रकोप शान्त हुने गर्दछ र रोगव्याधि, दरिद्रता, घरभित्रको अशान्ति, नोकरी वा व्यापार-व्यवसायमा देखिएको कठिनाइ आदि निवारण हुन्छन्।



*साधुले निष्ठापूर्वक विधि विधानले सम्पादन गर्दा सुयोग्य सन्तान दिलाउने शनि प्रदोष व्रत लगायत समस्त प्रदोष व्रतको महात्म्य र विशेषता बताएर व्रत सम्पादन गर्ने विधि विधान र नियम बताइ दिए। मुनिसित आशीर्वाद र विदा प्राप्त गरी ती दम्पती तीर्थयात्रा गर्न गए र यात्राबाट फर्किएपछि घरमा आएर नियमपूर्वक शनि प्रदोष व्रतको दिनबाट सुरु गरी प्रत्येक प्रदोष व्रतका दिन व्रत लिन थाले। कालान्तरमा शिवधन वैश्यका घरमा एउटा सुन्दर पुत्रको जन्म भयो। यसरी शनि प्रदोष व्रतको प्रभावले ती वैश्यको जीवनमा छाएको अन्धकार लुप्त भयो। ती दम्पती पुत्र प्राप्त भएपछि आनन्दपूर्वक जीवनयापन गर्न थाले। प्रदोष व्रतको निष्ठापूर्वक गरिने आराधनाको प्रभावले सांसारिक दुःखको निवृत्ति हुन्छ। केवल चन्द्रमाको दशानिवारण र सन्तान प्राप्तिका लागि मात्र होइन यस व्रतले सुख सम्पदायुक्त जीवन शैली, यश, कीर्ति, ख्याति र वैभव प्रदान गर्दछ।*

# नीति र बजेट, प्रवृत्ति र प्रगति

डा दीपेन्द्र रोकाया

हरेक वर्ष सरकारको नीति तथा कार्यक्रम सुन्दा अब त केही हुन्छ कि ! जस्तो लाग्छ। पूर्वाधार विकास कार्यक्रम सुनेर मेरो दूरदराजमा बस्ने नेपालीले पनि संविधानले प्रदान गरेको शिक्षा, स्वास्थ्य, रोजगार र खाद्य सम्प्रभूताको अधिकार उपयोग गर्न पाउनेछन्। उनीहरुलाई आफ्नो गाउँ पनि अब राष्ट्रिय सडक सञ्जालमा जोडिने छ भन्ने लाग्छ। तर वर्षौंदेखि उनीहरुका सपना यसरी नै हरेक वर्ष देखिने गर्छ र कार्यान्वयनमा आउँदैन। घोषणा भाषणमै सीमित हुने गर्छ।

आर्थिक वर्ष २०८०/८१ का लागि राष्ट्रपति रामचन्द्र पौडेलले वर्तमान सरकारको ३४ पृष्ठ लामो १८८ बुँदे वार्षिक नीति तथा कार्यक्रम यही जेठ ५ गते दिउँसो सार्वजनिक गर्नुभयो। यही लयमा अर्थमन्त्री डा. प्रकाशशरण महतले १० दिनपछि वार्षिक बजेट रु १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट प्रस्तुत गर्नुभयो। सरोकारवालाहरुले सार्वजनिक रुपमा टिप्पणी गरिरहँदा नेपाल विकास अनुसन्धान प्रतिष्ठानको आर्थिक विकास विभागमा दुई हप्ता छलफल भयो। आव २०७०/७१ देखि २०७९/८० सम्मको नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट पुस्तिका हेर्दा सुनिएको र देखिएको नीति तथा कार्यक्रम र बजेटको मूल प्रवृत्ति र प्रगति हेरियो।

सुरुमा नेपालको बजेट तर्जुमाको थालनी २००८ सालमा सुरु भएको थियो। उतिबेला आम्दानीको प्राथमिक स्रोत जग्गा कर, भन्सार र वन थियो भने अनुमानित राजस्व तीन करोड पाँच लाख थियो। खर्च चाँहि सार्वजनिक प्रशासन सेवा, रक्षा र विविध गरी मुख्य तीन भागमा विभाजन गरिन्थ्यो। त्यो बजेटको कुल खर्च पाँच करोड २५ लाख भएको थियो। नेपालको पहिलो आर्थिक बजेट २००८ माघमा र २००९ को पुसमा आर्थिक वर्ष निर्धारण गरिएको थियो। त्यसपछिका वर्षहरुमा असार र साउनलाई आर्थिक वर्ष मान्ने गरिएको छ।

आव २०७०/७१ देखि २०७२/७३ सम्म राष्ट्रपति डा. रामवरण यादवले वार्षिक नीति तथा कार्यक्रम र अर्थमन्त्री डा. रामशरण महतले बजेट भाषण सुनाउनु भएको थियो। आव २०७०/७१ मा पाँच खर्ब १७ अर्ब २४ करोडको बजेट आएको थियो। सरकारको वास्तविक खर्च चार खर्ब ३५ अर्ब पाँच करोड भएको थियो। यस्तै आव २०७१/७२ मा १४ पृष्ठ लामो १०६ बुँदे वार्षिक नीति तथा कार्यक्रम र १२५ पृष्ठको १६२ बुँदामा रु छ खर्ब १८ अर्ब १० करोडको बजेट आयो। सरकारको वास्तविक खर्च पाँच खर्व ३१ अर्व ३३ करोड भएको देखियो। यसैगरी २०७२/७३ मा १९ पृष्ठ लामो ११२ बुँदे वार्षिक नीति तथा कार्यक्रम र १२६ पृष्ठको २५३ बुँदामा आठ खर्ब १९ अर्ब ४६ करोड ८८ लाख ८४ हजारको बजेट प्रस्तुत भयो। वास्तविक खर्च छ खर्व एक अर्व तीन करोड भयो।

यही प्रक्रियामा आव २०७३/७४ देखि २०७९/८० सम्म राष्ट्रपति विद्यादेवी भण्डारीले वार्षिक नीति तथा कार्यक्रम पढेर सुनाउनुभयो। आव २०७३/७४ वार्षिक बजेट अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ७० पृष्ठमा ४५२ बुँदामा १० खर्ब ४८ अर्ब ९२ करोड १३ लाख ५४ हजारको प्रस्तुत गर्नुभयो। सरकारको वास्तविक खर्च आठ खर्व ३७ अर्व ५४ करोड भएको थियो।

आव २०७४/७५ मा ३९ पृष्ठ लामो ३९ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो। वार्षिक बजेट अर्थमन्त्री कृष्णबहादुर महराले ६९ पृष्ठमा २२७ बुँदामा १२ खर्ब ७८ अर्ब ९९ करोड ४८ लाख ५५ हजारको प्रस्तुत गर्नुभयो। त्यसबेला वास्तविक खर्च १० खर्व ८७ अर्व २७ करोड भएको थियो। आव २०७५/७६ मा ४३ पृष्ठ लामो १०३ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो। आव २०७५/७६ देखि २०७७/७८ सम्म अर्थमन्त्री डा. युवराज खतिवडाले बजेट प्रस्तुत गर्नुभयो। आव २०७५/७६ मा ६९ पृष्ठको ३६९ बुँदामा रु १३ खर्ब १५ अर्ब १६ करोड १७ लाखको बजेट आयो। वास्तविक खर्च रु ११ खर्व १० अर्व ४५ करोड भएको थियो। यस्तै आव २०७६/७७ मा २६ पृष्ठ लामो २१८ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो भने ८७ पृष्ठमा ३२८ बुँदाको बजेट रु १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाखको आयो। वास्तविक खर्च १० खर्व ९१ अर्व ३३ करोड भएको थियो। यसैगरी आव २०७७/७८ मा ६३ पृष्ठ लामो २७६ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो भने १२३ पृष्ठको ३४२ बुँदामा रु १४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाखको बजेट आएको थियो। त्यस वर्षको वास्तविक खर्च रु ११ खर्व ९६ अर्व ६७ करोड भएको थियो। आव २०७८/७९ मा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले १५० पृष्ठको ५०३ बुँदामा रु १६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाखको बजेट प्रस्तुत गर्नुभयो। कोभिड महामारीको बेलामा वास्तविक खर्च १३ खर्व १० अर्व भएको थियो। आर्थिक वर्ष २०७९/८० मा ६५ पृष्ठ लामो १४५ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो। अर्थमन्त्री जनार्दन शर्माले १२९ पृष्ठको ४३० बुँदामा रु १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाखको बजेट प्रस्तुत गर्नुभयो। असारसम्ममा रु १५ खर्व ४९ अर्व ९९ करोड बजेट खर्च गर्ने अनुमान गरिएको छ। उपरोक्त तथ्य बुझ्न नेपालको बजेटलाई चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था हेर्नपर्ने हुन्छ। चालु खर्चमा प्रमुखतः कर्मचारीलाई प्रदान गरिने पारिश्रमिक/सुविधा, कर्मचारीको सामाजिक सुरक्षा, सेवा महसुल, पुँजीगत सम्पतिको सञ्चालन र सम्भार खर्च, कार्यालय सामग्री, भ्रमण, आन्तरिक तथा बाह्य ऋणको ब्याजदर जस्ता खर्चहरु समाबेश हुन्छन्। पुँजीगत खर्चमा भवन तथा संरचना, सार्वजनिक निर्माण, सवारी तथा मेशिनरी खर्च, सुरक्षा उपकरण प्राप्ति खर्च जस्ता खर्चहरु समावेश हुन्छन्। वित्तीय व्यवस्थामा खुद ऋण लगानी, खुद सेयर लगानी, ऋणपत्र मार्फत प्राप्त ऋण सावाँ भुक्तानी, वैदेशिक ऋण सावाँ भुक्तानी जस्ता खर्चहरु समावेश हुन्छन्।

नेपालको बजेटको आकार तीब्र गतिले वृद्धि भएको देखिन्छ। तर विनियोजित बजेटको औसत ८२ प्रतिशत मात्रै सरकारले खर्च गर्न सकेको देखिन्छ। पछिल्लो प्रवृतिलाई हेर्दा यो आवमा पनि विनियोजित बजेटभन्दा वास्तविक खर्च घट्ने देखिन्छ। एक दशकको वास्तविक खर्चको औसत वृद्धि दर हेर्ने हो भने लगभग १६ प्रतिशत छ। तर वास्तविक खर्चको वृद्धि दरलाई प्रचलित मूल्य र स्थिर मूल्यमा हेर्दा, प्रचलित खर्चको वृद्धिदर बढ्दै गएको देखिए तापनि स्थिर खर्चमा भने खासै वृद्धि भएको देखिदैन। खर्चको प्रवृत्ति हेर्दा कुल खर्चको अत्यधिक हिस्सा लगभग ६७ प्रतिशत खर्च चालु खर्चमा गएको देखिन्छ। यस्तै १५ देखि २० प्रतिशत मात्र विकास निर्माण कार्यमा खर्च भएको देखिन्छ। चालु खर्चले प्रत्येक वर्षमा पुँजीगत खर्चलाई निरन्तर उछिनेको छ। यसबाट के कुरा थाहा हुन्छ भने सरकार दीर्घकालीन लगानीभन्दा तलब, मर्मतसम्भार र प्रशासनिक खर्चमा अल्मलिनुका साथै परिवर्तनकारी परियोजनाहरूमा पर्याप्त स्रोतहरू विनियोजन गर्न सकिरहेको देखिदैन। यसैले देश कसरी विकास हुन सक्छ र ?

कूल खर्चमा राजस्वको योगदान औसत ६० प्रतिशतका साथ स्थिर रहेको छ। बाँकी रकम परिपूर्तिका लागि अन्य क्षेत्रसँग निर्भर हुनु परेको देखिन्छ। ऋणको भार बढ्दो छ। सहायता घट्दो छ। बजेटको आकार बढ्दो छ। बढ्दो बजेटसँगै राजस्वको योगदान बढ्न नसक्नु र सहायता घट्दै जाँदा, त्यस अन्तरलाई परिपूर्ति गर्न ऋणको मात्रा बढेको देखिन्छ। यसरी बढ्दो बजेटको आकारले ऋणको बोझ बढ्दै गएको देखिन्छ। नेपाली मुद्राको अवमूल्यनले ऋणको दायित्व बढेको छ। गत चैत मसान्तसम्ममा नेपालको कुल ऋण २१ खर्ब पाँच अर्ब रुपैयाँ पुगेको छ।

बजेटको आकारलाई हेर्दा हामीले निरन्तर वृद्धि भएको देख्न सक्छौं। तर, राजस्वले यी खर्चसँग तालमेल राख्न सकेको देखिदैन। फलस्वरूप, यी लागतहरू पुरा गर्न ऋण र सहायतामा निर्भर हुनु परेको छ। सहायता घट्दो छ भने लक्षित ऋण पनि उठाउन सकिएको देखिदैन। वर्तमान आर्थिक वृद्धि दर केवल दुई प्रतिशत छ। जबकी मुद्रास्फीति लगभग ७.७६ प्रतिशत छ। यस्तो अवस्थामा सरकारले बजेट कार्यान्वयनका लागि आवश्यक समय सीमाभित्र पर्याप्त राजस्व उठाउन निकै ठूलो मेहनत गर्नुपर्ने देखिन्छ।

यो पृष्ठभूमिमा प्रचण्ड सरकारले अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने, गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने, लगानी मैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने, आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, सङ्घीयताको सबलीकरण र सुशासन कायम गर्ने र बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्य लिएको पाइन्छ।

यसैगरी सरकारले कृषि, ऊर्जा र पर्यटन क्षेत्रको विकास, लगानी प्रवर्द्धन, औद्योगिक विकास र व्यापार सन्तुलन, सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, डिजिटल र हरित अर्थतन्त्रको प्रवर्द्धन, वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, मानव संशाधन विकास र रोजगारी सिर्जना, वित्तीय क्षेत्र सुधार, वित्तीय सङ्घीयताको सुदृढीकरण र सेवा प्रवाहमा सुधार र सार्वजनिक वित्त प्रणालीमा सुधार जस्ता प्राथमिकता अगाडि सारेको पाइन्छ।

सरकारले ल्याउने नीति तथा कार्यक्रम वार्षिक योजना हो। यसैमा टेकेर ल्याइने वार्षिक बजेट नै सरकारको कार्यान्वयन रुप हो। अहिलेसम्म सत्तामा पुग्ने दलहरुले निर्वाचनका बेला गरेको प्रतिबद्धता नीति तथा कार्यक्रममा हुबहु ल्याउन सकेको देखिंदैन। जति नीति तथा कार्यक्रममा व्यक्त हुन्छ, त्यही मात्रामा बजेटमा सम्बोधन गर्न सकेको पाइँदैन। यो कार्यान्वयन तहमा पुग्दा थोरै सम्पादन भएको पाइन्छ। यसैले राजनीति र सार्वजनिक प्रशासनप्रति जनविश्वास गुम्दै गएको देखिन्छ।

नेपालको मानव विकासमा सुधार ल्याउने हो भने आयु बढाउन स्वास्थ्य क्षेत्रमा लगानी गर्नुपर्छ। दक्ष जनशक्ति निर्माण गर्न र आम्दानी बढाउन रोजगारमूलक शिक्षा दिनैपर्छ। निजी क्षेत्रलाई प्रोत्साहित गर्नैपर्छ। नेपालमा युवाहरु धेरै छन्। युवाहरु देशका इन्जिन हुन्। करिब दुई दशक यता नेपाली युवाहरुले माध्यमिक तहसम्म कहिल्यै फेल नहुने शिक्षा पाएका छन्। उनीहरु रोजगारी चाहन्छन्। बजारले दक्ष जनशक्ति खोजेको छ। तर कोरा प्रमाण पत्रको भारी बोक्न बाध्य युवाहरुले अदक्ष कामदारकै रुपमा देश छोड्नु परिरहेको छ। अमेरिका र युरोपमा कमाउने भन्दा आधा मात्र कमाई नेपालमै हुने हो भने त्यहाँ पुगेका नेपालीहरु पनि देशमै फर्कनेवाला छन्।

यो दशकमा सरकार शान्ति र संविधान निर्माण, भूकम्पका कारण क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, कोभिड महामारी नियन्त्रण हुँदै उत्पादन र रोजगारमा केन्द्रित भएको पाइन्छ। नीतिगत रुपमा देशले गन्तव्य खोजिरहेको छ। तर बजेट निर्माण गर्दा धरातलीय यथार्थतामा नटेक्ने र कार्यान्वयनमा कमजोर कार्य सम्पादन हुनुले लक्ष्य भेटाउन सकेको देखिंदैन। यसो भन्दैमा निराश पनि भइहाल्नु हुँदैन।

नेपालको प्रकृतिलाई बचाउन हिमाल बचाउँ, नदी जोगाउँ, चुरे संरक्षण गरौं। मानव समाज समृद्ध बनाउन 'बालबालिकालाई लगानी, युवालाई रोजगारी र ज्येष्ठ नागरिकलाई सम्मान र सुरक्षा' कार्यक्रम लागू गरौं। सरकारले जसरी कृषकहरूका लागि भनेर 'उत्पादन साथमा, अनुदान हातमा" कार्यक्रम घोषणा गरेको छ, यहीअनुसार देशका युवालाई उत्पादनमा आकर्षित गर्ने प्रयत्न गरेको देखिन्छ। कुनै पनि नीति त्यतिकै बन्दैन। तर नीति बनिसकेपछि त्यो नीतिलाई लागू गर्नु ठुलो कुरा हुन्छ। यसैले नेपाली युवालाई सरकारका नीति तथा कार्यक्रम र बजेटमा विश्वास लाग्ने व्यवहारको खाँचो छ। (लेखक नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य हुनुहुन्छ)

*सरकारले ल्याउने नीति तथा कार्यक्रम वार्षिक योजना हो। यसैमा टेकेर ल्याइने वार्षिक बजेट नै सरकारको कार्यान्वयन रुप हो। अहिलेसम्म सत्तामा पुग्ने दलहरुले निर्वाचनका बेला गरेको प्रतिबद्धता नीति तथा कार्यक्रममा हुबहु ल्याउन सकेको देखिंदैन। जति नीति तथा कार्यक्रममा व्यक्त हुन्छ, त्यही मात्रामा बजेटमा सम्बोधन गर्न सकेको पाइँदैन। यो कार्यान्वयन तहमा पुग्दा थोरै सम्पादन भएको पाइन्छ। यसैले राजनीति र सार्वजनिक प्रशासनप्रति जनविश्वास गुम्दै गएको देखिन्छ। नेपालको मानव विकासमा सुधार ल्याउने हो भने आयु बढाउन स्वास्थ्य क्षेत्रमा लगानी गर्नुपर्छ। दक्ष जनशक्ति निर्माण गर्न र आम्दानी बढाउन रोजगार मूलक शिक्षा दिनैपर्छ। निजी क्षेत्रलाई प्रोत्साहित गर्नैपर्छ। नेपालमा युवाहरु धेरै छन्। युवाहरु देशका इन्जिन हुन्। करिब दुई दशक यता नेपाली युवाहरुले माध्यमिक तहसम्म कहिल्यै फेल नहुने शिक्षा पाएका छन्। उनीहरु रोजगारी चाहन्छन्। बजारले दक्ष जनशक्ति खोजेको छ।*

# मधेश प्रदेशको आर्थिक सर्वेक्षण सार्वजनिक (पूर्णपाठ)

**माननीय सभामुख महोदय,**

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात दोस्रो कार्यकालका लागि निर्वाचित यस गरिमामय प्रदेश सभामा मधेश प्रदेश सरकारको पहिलो आर्थिक सर्वेक्षण पेश गरेको छु। यसमा समग्र प्रदेशको आर्थिक सामाजिक अवस्थाको वास्तविक चित्रण गरिएको छ । मधेश प्रदेश सरकारले पहिलो पटक चालु आ.व. (२०७९/८०) को आर्थिक सर्वेक्षण प्रस्तुत गर्नयस गरिमामय प्रदेश सभामा अवसर दिनु भएकोमा आभार प्रकट गर्दछु। यो प्रयासले अब उप्रान्त मधेश प्रदेशले बजेट पेश गर्नु अगावै आर्थिक सर्वेक्षण सार्वजनिक गरी प्रदेशको समग्र आर्थिक र सामाजिक अवस्थाको वास्तविक विवरण जनता समक्ष पारदर्शी तरिकाले प्रस्तुत गर्ने आशा लिएको छु।

यस सर्वेक्षणमा मधेश प्रदेशको आर्थिक स्थिति, सार्वजनिक वित्तको अवस्था, कृषि, वन, गरिबी निवारण, श्रम, रोजगार, उर्जा, सिँचाई, सञ्चार, उद्योग, वाणिज्य, जनसंख्या, शिक्षा, स्वास्थ्य, सुशासन लगायतका क्षेत्रगत विकासको अवस्था, आर्थिक-सामाजिक सूचक एवं परिसूचकको तथ्यांकलाई विश्लेषण गर्ने प्रयास गरिएको छ।

**माननीय सभामुख महोदय,**

मधेश प्रदेशको यो पहिलो प्रयास भएकोले उपलब्ध भए सम्मका विगत वर्षका तथ्यांकहरु, श्रोत साधन र जनशक्तिबाट गरिएकोछ। आगामी आर्थिक वर्ष देखि यसलाई थप उपयोगी बनाउने कार्यमा सबै माननीय प्रदेशसभाका सदस्यज्यूहरु समक्ष सुझावको अपेक्षा गरेको छु।

अन्त्यमा, मधेश प्रदेशको समग्र आर्थिक र सामाजिक स्थितिका सम्बन्धमा जानकारी राख्न चाहने सबै सरोकारवालालाई यो प्रकाशन उपयोगी हुने विश्वास लिएको छु।

**माननीय सभामुख महोदय,**

अब म संक्षिप्तमा आर्थिक सर्वेक्षण २०७९/८० का केहि सारांश प्रस्तुतगर्ने अनुमति चाहन्छु :

कोभिड-१९ महामारीबाट प्रभावित विश्व अर्थ तन्त्र क्रमिक रूपले सुधारोन्मूख हुँदै गएपनि, रूस-युक्रेनयुद्धले बस्तुको मूल्यमा तीव्र वृद्धि भई विश्व मुद्रा स्फीतिमा परेको दबावले अर्थतन्त्र संकुचनमा परेको छ । यसको प्रभाव मधेश प्रदेशमा परेको देखिन्छ। खासगरी, मधेश प्रदेशको उत्पादन मूलक उद्योग, निर्माणक्षेत्र, थोक-खुद्रा व्यापार तथा गाडी मोटरसाइकल सेवाक्षेत्र, यातायात र भण्डारण क्षेत्रमा वृद्धि दर यस चालु आ.व. २०७९/२०८० मा ऋणात्मक रहने अनुमान केन्द्रीय तथ्यांक विभागले गरेको छ। यद्यपि, गत आ.व. २०७८/२०७९मा कृषि, वन, मत्स्यपालन क्षेत्रमा मात्र १.३४ प्रतिशत वृद्धि दर भएतापनि चालु आ.व. (२०७९/८०) मा सुधार भई ३.३२ प्रतिशतको वृद्धिहुने अनुमान गरिएको छ।

समग्रमा देशको आर्थिक वृद्धि दर (आधारभूत मूल्यमा) चालु आ.व. (२०७९/२०८०) मा मात्र २.१६ रहने अनुमान गरिएको छ भने, मधेश प्रदेशको आर्थिक वृद्धि दर मात्र १.९० प्रतिशत मात्र रहने अनुमान गरिएको छ। सोही अवधिमा समग्र देशको आर्थिक वृद्धि दर खरिद कर्ताको मूल्यमा १.८६ प्रतिशत रहने अनुमान छ भने, मधेश प्रदेशको १.६९ प्रतिशत रहनेछ।

नेपालको प्रति व्यक्ति आय, आर्थिक सर्वेक्षणले चालु आ.व. (२०७९/२०८०) मा १,३९९ अमेरिकी डलर रहने अनुमान गरिएको छ भने, केन्द्रीय तथ्यांक विभागका अनुसार चालु आ.व.मा मधेश प्रदेशको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन ८७५ डलर हुने अनुमान छ। मधेश प्रदेशको प्रति व्यक्ति आय सातै वटा प्रदेशको तुलनामा सबैभन्दा कम रहेको छ।

यस आ.व.मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिव रु.७ खर्व ७ अर्ब हुने अनुमान छ भने, गत आ.व.को संशोधित अनुमान करिव रु. ६ खर्व ५० अर्ब रहेको छ। गत आ.व. (२०७८/२०७९) राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको १३.१ प्रतिशत हिस्सा ओगटेको मधेश प्रदेशले यस आ.व. (२०७९/२०८०) मा समेत १३.१ प्रतिशत योगदान पुर्याउने अनुमान गरिएको छ।

मधेश प्रदेशको कुल विनियोजित बजेट आ.व. २०७९/२०८० मा चालु खर्चतर्फ करिब २० अर्ब ९३ करोड भएकोमा सोही अवधिमा पुँजीगततर्फ करिब २५ अर्ब ९८ करोड गरी जम्मा ४६ अर्ब ९१ करोड रहेको थियो।

मधेश प्रदेशको आ.व. २०७९/२०८० को विनियोजित बजेटको चैत मसान्त सम्मको चालु खर्च ४ अर्ब ३६ करोड र पुँजीगततर्फ ५ अर्ब ६८ करोड गरी जम्मा करिब १० अर्ब ५ करोड भएको देखिन्छ । चालु आ.व २०७९/२०८० को चैत मसान्तसम्म कुल विनियोजित बजेटको जम्मा २१.४२ प्रतिशत खर्च भएको देखिन्छ।

चालु आ.व. २०७९/२०८० (१७ जेठ २०८० सम्म) मा मधेश प्रदेशको कुल राजस्व योगदान करिब २२ अर्ब ४२ करोड रहेको देखिन्छ।

आ.व. २०७५/७६ को तुलनामा चालू आ.व. (२०७९/८०) मा मधेश प्रदेशमा समग्रमा बैंक तथा वित्तीय संस्थाहरूमा (क, ख, ग र घ वर्गको) ४७.८ प्रतिशतले वृद्धि भएको देखिन्छ।

मधेश प्रदेशमा एटिएम संख्यामा आ.व. २०७६/७७ को तुलनामा २०७९/८० (चैत्र मसान्तसम्म) १७ प्रतिशतले वृद्धि भएको देखिन्छ । डेबिट कार्डतर्फ सोही अवधिमा ६४ प्रतिशतको वृद्धि भएको देखिन्छ । त्यस्तै, क्रेडिट कार्डको संख्यामा सोही अवधिमा झन्डै १२६ प्रतिशतको वृद्धि देखिएको छ।



मधेस प्रदेशमा सबै वित्तिय संस्थाको निक्षेप संख्या २०७६/७७ देखि २०७९/८० सम्ममा करिब ६८ प्रतिशतले बढेको छ। आ.व. २०७६/७७ मा ५,०३१ जनालाई सेवा दिदै आएकोमा बैंक तथा वित्तीय समावेशीतालाई थप विस्तार गरी २०७९/८० (फाल्गुन मसान्तसम्म) मा ३,५११ जनामा औसत प्रति बैंकले सेवा दिदै आएको छ।



मधेस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूमा निक्षेप संकलनमा आ.व. २०७६/७७ को तुलनामा २०७९/८० (फाल्गुन मसान्तसम्म) को वृद्धि ३८.१ प्रतिशत देखिन्छ। साथै,मधेस प्रदेशमा कर्जा प्रवाहमा आ.व. २०७६/७७ को तुलनामा २०७९/८० मा ५९ प्रतिशत वृद्धि देखिन्छ।

मधेस प्रदेशका लघुवित्त संस्थाहरूबाट आ.व. २०७८/७९ मा कुल लगानीको करिब ४८ प्रतिशत कृषि क्षेत्रमा लगानी भएको छ भने, साना तथा घरेलु उद्योगमा १२ प्रतिशत देखिन्छ। त्यस्तै, सोही अवधिमा सेवा क्षेत्रमा लघुवित्त संस्थाहरूबाट ३९ प्रतिशत लगानी देखिन्छ भने अन्य क्षेत्रमा १ प्रतिशत लगानी गरेको देखिन्छ।

मधेस प्रदेशले नेपालको कुल क्षेत्रफलमध्ये ६.६ प्रतिशत (९,६६१ वर्ग कि.मि.) ओगटेको छ । आ.व. २०७६/७७ मा नेपालको कुल खेतीयोग्य जमिनको १७.७५ प्रतिशत र खेती गरिएको जमिनको १९.०२ प्रतिशत मधेश प्रदेशमा रहेको छ । यो प्रदेशमा नेपालकै सबैभन्दा बढी सिंचित जमिन (२८.६८%) रहेको देखिन्छ । देशको कुल क्षेत्रफलको तुलनामा यो प्रदेशमा खेती नभएको जमिन १२.२६ प्रतिशत छ।

समग्र नेपालको गरिबीको सूचकांक हेर्ने हो भने नेपालका १७.४ प्रतिशत (४९,८०,००० जना) व्यक्ति गरिबीको रेखामुनि रहेका छन् । नेपालमा सबैभन्दा बढी गरिबहरू (झन्डै १२.९६ लाख) मधेश प्रदेशमा बसोबास छन् । जनसंख्याको प्रतिशतका हिसाबले मधेश प्रदेशको २४.२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन् । गरिबीको तीव्रता (अर्थात गरिबीको रेखाबाट कति टाढा छ भनेर हेर्ने मापन) सबैभन्दा बढी मधेश प्रदेशमै (४३.३%) छ । बहुआयामिक गरिबीको सूचकांकका सबै पक्षहरूमा मधेश प्रदेश समग्र राष्ट्रिय अवस्था भन्दा चिन्ताजनक नै रहेको छ।

नेपालका सबैभन्दा धेरै श्रम स्वीकृति लिने १० जिल्लामध्ये सन् २०१९/२० मा मधेश प्रदेशका ६ जिल्ला, सन् २०२०/२१ मा ५ जिल्ला, र सन् २०२१/२२ मा ६ जिल्ला छन् । पछिल्लो तीन वर्षको अवधिमा धनुषा जिल्लाबाट सबैभन्दा बढी श्रम स्वीकृति लिइएको छ।

मधेश प्रदेशमा १९ लाख ८७ हजार श्रमिकमध्ये लगभग ५०% अशिक्षित छन् । मधेश प्रदेशको बेरोजगारी दर झन्डै २०.१% छ । यो सबै उमेर समूहमा लागू हुन्छ । सात प्रदेशमध्ये मधेशमा १५-२४ वर्ष उमेर समूहमा ३३.१% बेरोजगार छन् । त्यस्तै, २५-३९ वर्षमा १८.९% बेरोजगार छन्, ४०-५९ वर्षमा १४.९% बेरोजगार छन् र ६० वर्षभन्दा माथिका ११.२% बेरोजगार छन्।

विद्युत वितरणका आधारमा हालै मधेश प्रदेशका सबै परिवारमा राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत उपलब्ध छ, जुन प्रदेशहरूमध्ये सबभन्दा बढी हो । पेट्रोलियम पदार्थको भण्डारण क्षमताको हिसाबले प्रदेशगत रूपमा मधेश प्रदेशमा नै सबभन्दा बढी भण्डारण (३५.४१ प्रतिशत) भएको देखिन्छ।

जनकपुर, सिमरा, र राजविराज विमानस्थलमध्ये उडान संख्या सिमरा विमानस्थलमा सबभन्दा बढी र राजविराज विमानस्थल सबभन्दा कम रहेको देखिन्छ। सन् २०१५ देखि २०१९ सम्मको तथ्यांक हेर्दा सिमरामा सन् २०१८ मा सबभन्दा बढी उडान (९,५००) भरी १,०७,१५४ जना यात्रुलाई सेवा दिएको र १,३१,४०३ किलोग्राम कार्गो ढुवानी गरेको देखिन्छ।

मधेश प्रदेशमा शौचालयको सुविधा नभएको घरपरिवारको संख्या पनि सर्वाधिक (१,३९,२१० घरपरिवार) छ।

मधेश प्रदेशमा ७,२७९ वटा उत्पादन प्रतिष्ठान रहेका छन् । यी प्रतिष्ठानमा ८० हजार ७७३ जना व्यक्तिहरू संलग्न छन्, र प्रतिष्ठानमा ६८ हजार ४८८ जना कर्मचारी छन्। मधेश प्रदेशमा रहेका उत्पादन प्रतिष्ठानहरू (७,२७९) मध्ये मात्र ६% सामाजिक सुरक्षामा आबद्ध छन्।

देशको कुल जनसंख्यामध्ये मधेश प्रदेशको जनसंख्या करिब २१ प्रतिशत रहेको छ। मधेश प्रदेशको जनघनत्व सातवटै प्रदेशभन्दा धेरै (६३३ प्रति वर्ग कि.मि.) छ । देशको कुल घरधुरी ६६ लाख ६६ हजार ९३७ मध्ये मधेश प्रदेश प्रदेशमा ११ लाख ५६ हजार ७१५ वटा रहेका छन् । प्रदेशको कुल ६१ लाख १४ हजार ६०० जनसंख्यामध्ये ३० लाख ६५ हजार ७५१ पुरुष र ३० लाख ४८ हजार ८४९ महिला छन्। मधेश प्रदेशको औसत घरपरिवारको आकार ५.२ ९ रहेका छन्।

मधेश प्रदेशमा कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान आर्थिक वर्ष २०७९/८० मा १०.३ प्रतिशत रहयो। सातवटै प्रदेशमध्ये मधेश प्रदेशको साक्षरता अवस्था सबैभन्दा न्यून छ । यहाँ ६३.५३ प्रतिशत (करिब६४%) जनसंख्या साक्षर छन् । महिलाको साक्षरता अवस्था पुरुषको तुलनामा निकै कम छ । साक्षरमध्ये ७२.४५ (करिब ७२%) प्रतिशत पुरुष र ५४.७०(करिब५५%) प्रतिशत मात्रै महिला छन्। मधेश प्रदेशमा सबैभन्दा बढी साक्षरता भएको जिल्ला पर्सा र सबैभन्दा कम साक्षरता भएको जिल्ला रौतहट(५७.७५%) रहेको छ।

मधेश प्रदेशमा एसईई उत्तीर्ण विद्यार्थीको संख्या ७.६१ प्रतिशत छ । प्लस टु उत्तीर्ण विद्यार्थीको संख्या ९.७४ प्रतिशत, स्नातक उत्तीर्ण विद्यार्थीको संख्या ३.३१ प्रतिशत छन्। स्नातकोत्तर सो भन्दा माथि उत्तीर्ण विद्यार्थीको संख्या १.३९ प्रतिशत रहेको छ।

केन्द्रीय तथ्यांक विभागको सन् २०२१ को प्रतिवेदन अनुसार मधेश प्रदेशमा १५ देखि ४९ वर्ष उमेर समूहका महिलामध्ये २ हजार ३६१ जना महिलाको मृत्यु भएको देखिन्छ । मृतकमध्ये १४६ जना गर्भवती थिए । तथ्यांक अनुसार १ लाख जन्मेका बच्चामा १५१ जनाको मृत्यु भएको छ।

प्रदेशगत रूपमा बालबालिकामा हल्का र मध्यम खालको रक्तअल्पता (एनिमिया) को दर मधेश प्रदेशमा सबभन्दाबढी छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा सातवटै प्रदेशमध्ये मधेश प्रदेशबाट सबैभन्दा धेरै उजुरी दर्ता हुने गरेको पाइएको छ। आर्थिक वर्ष २०७८/७९ मा २ हजार ८ सय ५८ वटा उजुरी परेको तथ्यांक छ। तीमध्ये ६९.५२ प्रतिशत उजुरी फर्छ्यौट भएको छ।

बेरुजुको विषयमा विगत तीन आर्थिक वर्षयता प्रदेश स्तरमा कोशीपछि मधेश प्रदेशमा सबैभन्दा धेरै बेरुजु रकम ठहर भएको देखिएको छ। आर्थिक वर्ष २०७८/७९ मा मधेश प्रदेशमा ५३ करोड ३४ लाख ७४ हजार रुपैँया बेरुजु देखिएको छ। मधेश प्रदेशका स्थानीय तहमा आर्थिक वर्ष २०७८/७९ मा २ अर्ब १३ करोड ७२ लाख १ हजार रुपैँया अनियमित भएको देखिएको छ।

**जेठ ३२, २०८०**

**संजय कुमार यादव,**
**अर्थमन्त्री,**
**मधेश प्रदेश**


## जगदम्बा बचत तथा ऋण सहकारी संस्था लि.

**जनकपुरधाम-११, मिल्सएरिया**

## ऋणको चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८०/०३/०१**

यस सहरकारी संस्थाबाट तमसुक्क उल्लेखित सदस्यहरुले ऋण लिनु भएकोमा ऋण लिदाको बखत गरेका कर्जा तमसुक्क बमोजिम तिर्नु बुझाउनु पर्नेमा नबुझाई कर्जाको शर्त तथा सम्झौता उल्लघन गर्नु भएकोमा पटक पटक मौखित तथा लिखित तकेता गर्दा समेत ऋण नियमित वा चुक्ता गर्नु कुनै चासो नदेखाएको कर्जा चुक्ता गर्नु आलटाल गरी बसेको हुनाले यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यो संस्थामा आई आफुले तिर्नु बुझाउनु पर्ने कर्जाको साबा, व्याज र हर्जाना तथा अन्य दस्तुर समेत तोकिएको म्याद भित्र चुक्ता गर्नु होला। अन्यथा सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट कर्जा असुल उपर गरिनेछ। साथै कथम कदाचित असुल उपर नभएमा वा हुन नसकेमा उपर ऋणी सदस्यहरुको एकाघर संगोल परिवारको वा जमानत कर्ताको नाउमा रहेको चल अचल सम्पत्ती तथा अन्य जायजथा सम्पत्तीबाट संस्थाको बिनियम सहकारी ऐन २०७४ सहकारी नियमाबली २०७५ तथा प्रचलित कानून बमोजिम कर्जा असुल उपर गरी लिने तथा ऋणी सदस्य र जमानीकर्ताहरुलाई कालो सुचीमा समाबेस गरिने ब्यहोरा समेत सम्बन्धीत सबैलाई सुचित गराइन्छ।

| क्र.सं. | ऋणीको नाम ठेगाना | ऋणीको बाबुको नाम | ऋणीको बाजेको नाम |
|---|---|---|---|
| १ | श्री राज कुमारी यादव<br>ठेगानाः-जि., धनुषा, जनकपुर उ.म.-१४, मुजेलिया | श्री राम प्रगास यादव<br>पति | श्री सत्रुधान यादव<br>ससुरा |
| २ | श्री रन्जु देवी<br>ठेगानाः-जि., धनुषा, जनकपुर उ.म.-१४, मुजेलिया | श्री रामजी राउत<br>पति | श्री लखन राउत<br>ससुरा |
| ३ | श्री रामनाथ यादव<br>ठेगानाः-जि., धनुषा, जनकपुर उ.म.-१४, मुजेलिया | श्री फुलगेन यादव | श्री बालचान यादव |
| ४ | श्री सिया लाल पासमान<br>ठेगानाः-जि., धनुषा, जनकपुर उ.म.-१८, महुवा | श्री निरगुन पासमान | श्री बुनिया पासमान |
| ५ | श्री राधो देवी<br>ठेगानाः-जि., धनुषा, जनकपुर उ.म.-१४, मुजेलिया | श्री नरेश मण्डल धानुक<br>पति | श्री कारी मण्डल<br>ससुरा |
| ६ | श्री जमाहिर राउत<br>ठेगानाः-जि., धनुषा, जनकपुर उ.म.-१३, पिडारी धत्ता टोल | श्री राम भदर राउत | श्री अच्छे लाल राउत |
| ७ | श्री नरेन्द्र कुमार राय<br>ठेगानाः-जि., धनुषा, जनकपुर उ.म.-१४, मुजेलिया | श्री शिव चरण राउत | श्री सगम राउत |
| ८ | श्री रामखेलावन शर्मा<br>ठेगानाः-जि., धनुषा, जनकपुर उ.म.-१३, पिडारी रानी बजार | श्री नहुरी शर्मा | श्री दरबारी शर्मा |
| ९ | श्री बेचन राउत<br>ठेगानाः-जि., धनुषा, जनकपुर उ.म.-१३, पिडारी रानी बजार | श्री बतहु राउत | श्री गोसाई राउत |
| १० | श्री पवन देवी<br>ठेगानाः-जि., धनुषा, जनकपुर उ.म.-१४, मुजेलिया | श्री राम एकबाल मुसहार<br>पति | श्री दुखरण मुसहार<br>ससुरा |

**प्रकाश चन्द्र साह**



## कलैया उपमहानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**मधेश प्रदेश, बारा, कलैया**

## आन्तरिक आय ठेक्का लगाउने बारेको सूचना

**प्रथम/दोश्रो पटक प्रकाशित गरिएको सूचना : २०८०।०३।०१**

यस उपमहानगरपालिकाले गत विगत वर्षहरुमा आय संकलनको लागि ठेक्का लगाउँदै आए अनुसार देहायका शिर्षकहरुमा ठेक्काबाट कर शिर्षकमा उठाउनको लागि ठेक्का बन्दोबस्त गर्नुपरेकोले तपशिलको शर्तहरुको अधिनमा रहने गरी इच्छुक फर्म वा कम्पनीहरुले ताकिएको भित्र बोलपत्र खरिद गर्न यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | ठेक्का शिर्षक | ठेक्का अवधि | वार्षिक व्यूनतम अंक रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ५/०७९।०८० | क.उ.म.न.पा. वडा नं. १ भित्र लाग्ने हाट बजार कर संकलन | आ.व. ०८०।०८१ (वर्ष १) | ३९३७०००।- | ३,०००।- | १५ दिने |
| ६/०७९।०८० | दोहरी, दरबार चौक , बरेवा चौक र दूर्गा चौक, मटिअर्वा र नहर चौकको बघवन, भवरा मझौलिया र चिनीमिल, मोतिसर र सिसहनिया चौक , पचायनपुर, बसतपुर भोडहा, मदिलवा र मटिअरियाको हाट बजारहरु | आ.व. ०८०।०८१ (वर्ष १) | १२७८०००।- | १०००।- | १५ दिने |
| ७/०७९।०८० | कलैया–१ कटी पर्साको माछा पोखरी | आ.व.०८०।०८१ देखि ०८४।०८५ अषाढ सम्म | २७००००।- | १०००।- | ७ दिन |
| ९/०७९।०८० | कलैया–१२ धर्मनगरको माछा पोखरी | आ.ब.०८०।०८१ देखि ०८४।०८५ अषाढ सम्म | २६५१०००।- | ३,०००।- | १५ दिने |
| १०/०७९।०८० | कलैया–१८ पतौराको माछा पोखरी | आ.ब.०८०।०८१ देखि ०८४।०८५ अषाढ सम्म | १७३८०००।- | १०००।- | ७ दिन |
| ११/०७९।०८० | कलैया–१९ पचायनपुरको माछा पोखरी | आ.ब.०८०।०८१ देखि ०८४।०८५ अषाढ सम्म | ६२५००।- | १०००।- | ७ दिन |
| १२/०७९।०८० | कलैया–२७ पर्ता टोलको माछा पोखरी | आ.ब.०८०।०८१ देखि ०८४।०८५ अषाढ सम्म | १६६८१५१।- | १०००।- | ७ दिन |

**अन्य शर्तहरू**

१) बोलपत्रदाताले खामको बाहिरपटी ठेक्काको नम्बर, नाम र कलैया उ.म.न.पा., बारा भनी प्रष्ट लेख्नुपर्नेछ।

२) बोलपत्र फाराम यस कार्यालयबाट माथी उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले ७/१५ औं दिन सम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ।

३) बोलपत्र दाखिला गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाण पत्र र आ.व. ०७८।०७९ को कर चुक्ता पत्रहरुको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ।

४) सूचना प्रकाशित भएको मितिले ७/१५ औं दिनसम्ममा खरिद गरी ८/१६ औं दिनमा दिनको १२:०० बजे भित्र कलैया उपमहानगरपालिका, बारामा सिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ। उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ। बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५) यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

६) मुल्य अभिवृद्धि कर लगायतका करहरु ठेक्दार स्वयमले तिर्नु पर्ने छ।

७) अगामी किस्ता रकम वापत बैक ग्यारेन्टी वा नगद जम्मा गर्नु पर्ने छ।

८) पोखरीहरुको हकमा पोखरी मर्मत गर्नु परेमा ठेक्कदार स्वयम मर्मत गर्नु पर्ने छ।

९) धरौटी खाता नं.१२६०३०३००००४ मा धरौटी वापतको रकम धरौटी राख्नु पर्ने छ।

१०) ठेक्का सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको कर शाखा, लेखा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्ने सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# भारतको मणिपुरमा भड्किएको हिंसामा 'सयौँ गिर्जाघर ध्वस्त'

**बीबीसी**

नयाँदिल्ली। भारतको उत्तरपूर्वी राज्य मणिपुरमा साम्प्रदायिक हिंसा फैलिँदा सयौँ गिर्जाघर ध्वस्त भएको त्यहाँका इसाई समूहहरूले दाबी गरेका छन्।

रोजगारी र भूमिमा पहुँचका लागि थप सरकारी सहयोगको माग गर्दै एउटा मुख्य जातीय समूहले आन्दोलन सुरु गरेपछि मणिपुर अशान्त छ। पछिल्ला महिनाहरूमा १०० जनाभन्दा बढीको ज्यान गएको छ भने ३५,००० जनाभन्दा बढी विस्थापित भएका छन्।

"हामीले पाएको सूचनाअनुसार ५०८ वटा गिर्जाघरहरू भत्काइएका छन्," उत्तरपूर्वी भारतको यूनाइटेड क्रिस्चियन फोरमका प्रवक्ता एलन ब्रुक्सले भने, "हामीले मणिपुरका विभिन्न समूहका हाम्रा प्रीस्ट, पास्टर र गिर्जाघरका अगुवाहरूबाट यो तथ्याङ्क सङ्कलन गरेका हौँ।"

"हामी पीडा र आश्चर्यमा छौँ," उनले भने। सुरक्षाका लागि आफ्नो नाम खुलाउन नचाहने अर्का धार्मिक अगुवाबाट पनि बीबीसीले आक्रमणमा परेका गिर्जाघरहरूको सूची प्राप्त गरेको छ।

उनको दस्तावेजमा यस वर्षको मे ३ देखि जुन २ सम्म म्यान्मारसँग सीमा जोडिएको यस राज्यमा ध्वस्त भएका २६० भन्दा बढी गिर्जाघरहरूको सूची छ। यस विषयमा बीबीसीले मणिपुरका प्रमुख सचिव, प्रहरी महानिर्देशक र नवनियुक्त सुरक्षा सल्लाहकारसँग प्रतिक्रिया माग्यो।

धेरै फोन कल र इमेलको जवाफ नआए पनि भारत सरकारले यसभन्दा पहिला नै इसाई समूहहरूलाई आक्रमणका घटनाको वास्तविक सङ्ख्यालाई बढाएको आरोप लगाएको छ। साथै भारतको धार्मिक स्वतन्त्रताबारे अमेरिकी संसद्को एक आलोचनात्मक प्रतिवेदनको पनि सरकारले खण्डन गरेको छ।

**मणिपुरमा कसरी सुरु भयो विवाद**

मणिपुरको राजधानी इम्फालस्थित उच्च अदालतले सरकारलाई राज्यको सबैभन्दा ठूलो समुदाय मैतेईलाई पनि जनजातिको हैसियत दिन आदेश दिएपछि मैतेई र कुकी समुदायबीच झडप सुरु भएको हो। अदालतको आदेश कार्यान्वयन हुँदा मैतेई समुदायले सरकारी जागिर र उच्च शिक्षामा आरक्षण पाउँछ। तोकिएका जनजातीय क्षेत्रहरूमा उनीहरूले थप भूमिमा पहुँच पनि पाउँछन्।

**'हाम्रो जरो उखेलियो'**

आंशिक वा पूर्ण रूपमा ध्वस्त भएका गिर्जाघरहरू देखाइएका तस्बिरहरूको स्थानबारे जानकारी लिई बीबीसीले तिनको पुष्टि गरेको छ। इम्फालको दक्षिणतिर रहेको चुराचन्दपुर जिल्लाका एक पास्टरले स्थानीयहरू त्रासमा बाँचेको बताए। हिंसाको पहिलो चरणमै यस भेगमा रहेका ईभ्यान्जेलिकल चर्च असोसिएशनसँग आबद्ध धेरै गिर्जाघरहरूमाथि आक्रमण भएको थियो।

"मेरो गिर्जाघरमा फरकफरक आदिवासी समूहका मानिस छन्। हामी गुफामा भएको हाम्रो उत्पत्तिको कथासँग जोडिएका आआफ्ना परम्परागत पोसाक, सङ्गीत र नृत्यको रङ्गीचङ्गी वातावरणमा हरेक आइतवार प्रभुको पूजा गर्छौं," सुरक्षाका कारण नाम खुलाउन नचाहने पास्टरले भने। उनका अनुसार चुराचन्दपुरको डोप्कोन ईसीए चर्चमा गत मे ३ तारिख अर्थात् हिंसा सुरु भएकै दिन आगो लगाइयो। त्यसपछि क्रमशः अन्य गिर्जाघरमाथि आक्रमण भयो। "गिर्जाघरमाथि आक्रमण हुनु भनेको हाम्रो जरा उखेलिनु हो," उनले भने।

**आक्रमणको निसानामा को?**



छिमेकी राज्य आसाममा बसिरहेका विस्थापित इसाईहरूलाई सहयोग गरिरहेका एक कुकी प्रीस्टले आफ्नो गिर्जाघरको मुख्यालयमा भएको आक्रमणबारे विस्तृत विवरण दिएका छन्। "सुरुमा भिडले इम्फालको कुकी इसाई गिर्जाघरको मुख्यालयको खानतलासी गऱ्यो। मूल्यवान् सामग्री लुटेपछि उनीहरूले भवनमा आगो लगाइदिए," पास्टर थाङ्मिन्लुन भाइफेईले भने। बीबीसीले हेरेको उक्त घटनाको ५२ सेकन्डको भिडिओमा आगो निभाउने प्रयास जारी रहँदा सेनाका गाडीहरू गुडिरहेको पनि देखिन्छ। भाइफेईका अनुसार उक्त घटना मे ४ को हो। सँगै रहेको अर्को जातिको गिर्जाघरलाई पानीको फोहराले जोगाइए पनि कुकीको गिर्जाघर जोगाउन कुनै प्रयास गरिएन।

झन्डै ७०० जना अटाउने भवनमा ठूलो क्षति हुँदा जोडिएको कर्मचारी आवास पूर्ण रूपमा जल्यो। एक मैतेई पास्टरले बनाएको तर भाइफेईले बीबीसीलाई उपलब्ध गराएको एक सूचीमा २७१ मैपेई गिर्जाघरहरू आक्रमणमा परेको दाबी गरिएको छ। अतिवादी हिन्दू समूहहरूको साथ पाउनका लागि गिर्जाघरलाई तारो बनाइएको भाइफेईको आशङ्का छ।

"भिडले एक मैपेई पास्टरलाई समात्यो र उनी प्रकृतिपूजनकै परम्परामा फर्किन तयार छन् कि छैनन् भनेर सोध्यो। ती मेरा साथीले आफ्ना पुर्खाको आस्थामा आफूलाई कुनै समस्या नभएको बताए। त्यसपछि भिडले उनलाई बाइबल जलाउन भन्यो, तर उनले मानेनन्," भाइफेईले सुनाए। "त्यसपछि उनलाई निर्घात कुटियो, धन्न बाँचे।" आक्रमण दोहोरिने त्रासमा केही कुकी गाउँलेहरूले घर छाडेको र पहाडतिर लुकेर बसेको भाइफेईले बताए।

**'समुदायको आत्मा'**

खोङ्साई नामकी एक कुकी इसाईले हिंसाले गर्दा आफ्नो जीवन अस्तव्यस्त भएको बताइन्। गत मे २८ मा उनको गिर्जाघर मात्र नभई उनको परिवार बसेको घर पनि ध्वस्त पारियो।

धन्न त्यसको दुई दिनअघि उनीसँगै उनका आमाबुवाले इम्फालभन्दा ४५ किलोमिटर टाढा रहेको लाङ्चिङ गाउँ छाडेका थिए। "डरलाग्दो र पीडादायक स्थिति थियो। न खान सकिन्थ्यो न सुत्न। मलाई ठूलो आघात परेको छ," खोङ्साईले भनिन्। "मलाई गिर्जाघर जाँदाका क्षण याद आउँछन्। एक इसाईका रूपमा गर्नुपर्ने कर्तव्य पूरा गर्न नसक्दा मलाई ग्लानि हुन्छ।"

चार वर्षको उमेरमा झन्डै १३० कुकी परिवारको आफ्नो गाउँको "पातला काठका फल्याकले छाएको" गिर्जाघरमा "धार्मिक गीत" सिक्न गएको उनलाई अझै याद छ। उनका बुवाजस्तै धेरै गाउँलेहरू भारतीय सेनामा काम गर्थे। "प्रायः परिवारहरू गरिब थिए र काठका घरमा बस्थे। तैपनि उनीहरूले पैसा उठाएर सन् २०१२ मा कङ्क्रिटको गिर्जाघर बनाए। तर अहिले मेरा आमाबुवा र छरछिमेकीले सबै कुरा गुमाए," उनले भनिन्। स्नातकोत्तर तहसम्म पढेकी यी २७ वर्षे युवती निजामती सेवामा काम गर्न चाहन्छिन्। हालसालै उनी दिल्ली पुगेकी छन् भने उनका आमाबुवा मणिपुरकै अर्को ठाउँमा छन्।

गाउँबाट भाग्दा खोङ्साईले आफ्ना प्रमाणपत्र र अन्य कागजपत्र सँगै ल्याएकी छन्। मे ४ को आक्रमणपछि पनि अर्को आक्रमण हुन्छ भन्ने उनलाई थाहा थियो। "त्यो साँझ अतिवादीहरू जेसीबी (एक्स्काभेटर) लिएर कुकी गाउँहरूमा आक्रमण गर्न आए। स्थानीय मैतेईले तिनको प्रतिरोध गरे। त्यसपछि उनीहरू वापोक्पी गए र मैतेई गिर्जाघरमा आक्रमण गरे।" उनको गाउँ सुग्नु बजार क्षेत्रनजिकै पर्छ। त्यस आसपासका गाउँहरूमा मैतेई समुदायको बसोबास छ।

उनका अनुसार दुई समुदायबीच विगतमा राम्रो सम्बन्ध थियो। दुवै एकअर्काका गिर्जाघरहरू जान्थे। मणिपुरमा सशस्त्र हिंसा भड्किएको दशकौं भइसकेको छ। कठिन समयमा यी दुवै समुदायले गिर्जाघरमा आश्रय लिन्थे। अहिलेको हिंसाका लागि खोङ्साई मैतेई समुदायको सानो समूहलाई दोष दिन्छिन्। "मणिपुरमा अझै पनि दङ्गा छ। हामी गाउँ फर्केर घर र गिर्जाघर फेरि बनाउन सकौँला जस्तो मलाई लाग्दैन।"

**गिर्जाघरको सम्झनामा**

मणिपुरी प्रहरीको सहयोगका लागि भारत सरकारले २०,००० सेना र केन्द्रीय प्रहरी कर्मचारी परिचालन गरेको छ। उच्च अदालतका एक अवकाशप्राप्त न्यायाधीशको नेतृत्वमा एउटा शान्ति समिति पनि गठन भएको छ। मैतेई समुदायलाई जनजाति हैसियत दिन मणिपुर उच्च अदालतले राज्य सरकारलाई दिएको आदेशलाई भारतको सर्वोच्च अदालतले "पूर्णतः अनुचित" भनेको छ।

मे महिनाको अन्त्यतिर मणिपुर भ्रमण गरेका भारतका गृहमन्त्री अमित शाहले जारी हिंसाबारे क्याथलिक बिशप कन्फरन्स अफ इन्डियाको प्रतिनिधिमण्डलससँग पनि भेट गरे। उता दिल्लीमा रहेकी खोङ्साई त्यहाँका गतिविधिसँग घुलमिल हुने प्रयासमा छिन्। तर उनलाई घरको न्यास्रो लाग्छ। "मेरो मन दुख्छ। गिर्जाघरमा जाँदा हाम्रो आस्था र सङ्कल्प नवीकरण हुन्थ्यो। ईश्वरले सबै दुर्दशा रोकून् भनेर हामी निरन्तर प्रार्थना गर्दै छौँ।"

# इन्डो-नेपाल कराते प्रतियोगितामा भाग लिन नेपाली टोली भारत प्रस्थान



काठमाण्डु । इन्डो-नेपाल कराते प्रतियोगितामा भाग लिन नेपाली टोली भारततर्फ प्रस्थान गरेको छ।

भारतको गाजियावादमा हुने इन्डो-नेपाल आशिहारा कराते च्याम्पियनसीपमा भाग लिन बुधबार साँझ नेपाली टोली त्यसतर्फ प्रस्थान गरेको सोसाई मात्सुतात्सु ओयामा कराते क्योकुसिनकाइकाननेपालकाब्रन्च चिफ दिपक लामाले जानकारी दिनुभयो।

यही जुन १७ र १८ तारिखमा भारतको उत्तर प्रदेशको गाजियावादस्थित लिलावती पब्लिक स्कुल प्रताप विहारमा कराते प्रतियोगिता सञ्चालन हुँदैछ। स्थलमार्ग हुँदै त्यसतर्फ प्रस्थान गरेको टोलीमा १४ खेलाडीसहित २० जना सहभागी छन्।

बुधबार साँझ सोसाई मात्सुतात्सु ओयामाकरातेक्योकुसिनकाइकान नेपालका कार्यवाहक अध्यक्ष रमेश तामाङले प्रतियोगितामा भाग लिन जाने खेलाडीलाई खादा लगाएर शुभकामनासहित बिदाइ गर्नुभएको थियो। रासस

# वर्षा बाधक बन्दा नेपाल र भारतबीचको खेल रद्द

काठमाण्डु । एसिसी महिला टी-ट्वान्टी इमर्जिङ टिम्स एसिया कप अन्तर्गत बिहीबार हुने भनिएको नेपाल र भारत 'ए' बीचको खेलमा वर्षाका कारण रद्द भएको छ।

हङकङको मङकङ क्रिकेट मैदानमा वर्षा बाधक बनेपछि खेलमा टस नै हुन सकेन।

यस खेल रद्द भएसँगै नेपाल र भारत 'ए' ले समान एक/एक अङ्क बाँडेका छन् । अङ्क बाँडेसँगै नेपालको सेमिफाइनल पुग्ने सम्भावना अझै जीवित नै छ।

थाइल्यान्डले भिसा समस्याका कारण अन्तिम समयमा नाम फिर्ता लिएपछि नेपालले प्रतियोगितामा सहभागिता जनाउने अवसर प्राप्त गरेको हो।

प्रतियोगितामा नेपाल समूह 'ए' मा छ। नेपालको समूहमा हङकङ, भारत र पाकिस्तान छन्। त्यस्तै समूह 'बी' मा मलेसिया, युएई, बङ्गलादेश र श्रीलङ्का छन्। नेपालले दुई खेलपछि एक अङ्क जोडेको छ।

यसअघि भएको पहिलो खेलमा नेपाल पाकिस्तान 'ए' सँग ९ रनले पराजित भएको थियो।

नेपालले समूहको अन्तिम खेल आगामी असार २ गते हङकङसँग खेल्नेछ। समूहका शीर्ष दुई टोली सेमिफाइनलमा स्थान बनाउनेछन्। रासस

# अष्ट्रेलियाको संसद्भै सिनेटरमाथि यौन आक्रमण

**एएफपी**

सिड्नी । एक जना अष्ट्रेलियाली सांसदले सदनभित्रै आफूमाथि यौन आक्रमण भएको आरोप लगाउँदै महिलाका निम्ति संसद् 'सुरक्षित स्थान' नभएको बताएकी छन्।

बिहीबारको संसद् बैठकमा रुदै स्वतन्त्र सांसद लिडिया थोर्पेले आफूमाथि 'यौन टिप्पणी' भएको, भऱ्याङ्मा भाग्नै नसकिने परिस्थिति सृजना गरिएको केही 'शक्तिशाली पुरुष'द्वारा ' गलत नियतले छोइएको र प्रस्ताव' गरिएको दाबी गरेकी छन्।

लिवरल पार्टीका सांसद डेभिड भानले आफूमाथि यौन दुर्व्यवहार गरेको पीडित थोर्पेको आरोप छ। डेभिडलाई उनको दलले निलम्बन गरेको छ।

उनले आफूमाथि आधारहीन आरोप लगाइएको बताएका छन्। आफूमाथि लगाइएको आरोपबाट आफू चकित भएको उनले उल्लेख गरेका छन्। जब आरोपहरू अष्ट्रेलियाको गम्भीर मानहानि कानूनबाट सुरक्षित थिए, थोरपेले भने कि भ्यानले यस मामिलामा वकिलहरूलाई संलग्न गराएको थियो र उनले संसदीय नियमहरू नेभिगेट गर्न आफ्नो मुद्दा पुनः दोहोऱ्याउनु परेको थियो।

आफूमाथि भएको यौन आक्रमणबारे बताउँदै पीडितले आफू सदनबाट बाहिरिने बेलामा सधैं सर्वप्रथम सुस्तरी ढोकाबाट हेर्ने, भऱ्याङ र वरपर कोही पुरुष नभएको निक्र्योल गरेर मात्र हिँड्नुपर्ने परिस्थिति उत्पन्न भएकाले संसद् भवन नै महिलाका निम्ति असुरक्षित रहेको गुनासो गरिन्। संसदबाट एक्लै बाहिरिन नसकिने उनको कथन थियो।

आफूले भोग्नुपरेको दुर्व्यवहारको शिकार अन्य महिला सांसद पनि भएका तर उनीहरूले आफ्नो 'करिअर'लाई महत्व दिएकाले त्यसलाई गौण राखेका उनले बताइन्। सन् २०२१ देखि अष्ट्रेलियाको राजनीति र संसद् यौन हमला र उत्पीडनका 'हाइ प्रोफाइल' काण्डबाट प्रभावित भएको छ।

त्यसबेलाकी पूर्वराजनीतिक सहयोगी ब्रिटनी हिगिन्सले कञ्जरभेटिप पार्टीका एक जना कर्मचारीले अत्यधिक मदिरा पिएपछि क्याबिनेट मन्त्रीको संसदीय कार्यालयको सोफेमा बलात्कार गरेको आरोप लगाएकी थिइन्।

अष्ट्रेलियाको संसद्मा यौन उत्पीडनका घटना बढेपछि सरकारीस्तरमा गरिएको एक अनुसन्धानले पनि सांसद र कर्मचारी यौन हिंसाको शिकार भएका पुष्टि गरेको थियो।

अनुसन्धानअनुसार हरेक तीन जनामध्ये एक जना यौन दुर्व्यवहार भोल्नु परेको थियो जसमा त्रिसट्ठी प्रतिशत महिला सांसद कुनै न कुनै रुपमा यौन हिंसाको शिकार भएका थिए।

# बिपरजोय समुद्री आँधीको त्रासमा भारत र पाकिस्तानका तटीय क्षेत्र

**बीबीसी**

नयाँ दिल्ली । बिपरजोय नामक समुद्री आँधी जमिनमा बज्रिनुभन्दा अगाडि नै त्यसको मार्गमा पर्ने भारत तथा पाकिस्तानका विभिन्न स्थानबाट एक लाख ७०,००० जनाभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ। बाङ्ला भाषामा बिपरजोयको अर्थ "प्रकोप" भन्ने हुन्छ। मौसमविद्हरूले उक्त समुद्री आँधी अगाडि बढ्दा त्यसले आफ्नो बाटोमा पर्ने खेती र भवनहरूमा क्षति पुऱ्याउन सक्ने चेतावनी दिएका छन्। अरब सागर पार गर्दै आएको उक्त आँधीले सबैभन्दा पहिला स्थानीय समयानुसार बिहीवार साँझ भारतको गुजरात राज्य र पाकिस्तानको सिन्ध प्रान्तमा प्रहार गर्ने ठानिएको छ। गुजरातको तटीय क्षेत्रबाट प्राप्त भिडिओमा ठूलो पानी परेको, निकै ठूला छाल आएको र समुद्र अशान्त भएको देखिन्छ।

भारतको मौसम विभागले प्रकाशित गरेको नयाँ सूचनाअनुसार "समुद्री आँधी जमिनमा बज्रिने प्रक्रिया आज साँझ सुरु भएर मध्यरातसम्म चल्ने छ।" पाकिस्तानको विपद् व्यवस्थापन निकायले कराचीदेखि भारतको गुजरातसम्म आँधीका कारण समुद्र तीनदेखि चार मिटर अग्लो हुन सक्ने



चेतावनी दिएको छ। गुजरातका राहत आयुक्त आलोक पाण्डेले समुद्री आँधीको गति केही घटेको भए पनि जमिनमा बज्रिँदा हावाहुरीको गति ११०-११२ किलोमिटर प्रतिघण्टा हुनसक्ने बताएका छन्। त्यसलाई उनले "निकै खतरनाक" भनेका छन्।

भारतको मौसम कार्यालयले गुजरातमा समुद्री आँधीका कारण सडक र कच्ची घर भत्किन तथा रूख र बिजुलीका खम्बा ढल्न सक्ने बताएको छ। राज्यका स्वास्थ्यमन्त्री ऋषीकेश पटेलले मानिसहरूलाई यात्रा नगर्न तथा उनीहरू जहाँ छन् त्यहीँ बस्न आग्रह गरेका छन्। "कोही हताहत नहोऊन् भन्ने हाम्रो उदेश्य हो," उनले भने।

पाकिस्तानमा यसअघि नै देशको दक्षिणपूर्वी तटबाट ८१,००० मानिसलाई स्थानान्तरण गरिएको छ। त्यस्तै विद्यालयहरूमा ७५ वटा राहत शिविर बनाइएको छ। पाकिस्तानका जलवायु परिवर्तन मामिला हेर्ने मन्त्री शेरी रहमानका अनुसार दुई करोडभन्दा बढी जनसङ्ख्या भएको प्रान्तको सबैभन्दा ठूलो सहर कराची तत्काल खतरामा छैन। तर त्यहाँ आपत्कालीन उपायहरू अपनाइएको छ।

अग्ला छालहरूका कारण तटीय क्षेत्रमा अवस्थित होचा ठाउँहरू जलमग्न हुन सक्ने मौसमविद्हरूले बताएका छन्। तटीय गुजरातका धेरै भागहरूमा बुधवारदेखि ठूलो वर्षा भइरहेको छ र तीव्र गतिमा हावाहुरी चलेको छ। भारतमा ठूलो वर्षाका कारण यो साता कम्तीमा सात जनाको मृत्यु भइसकेको छ।

एएफपी समाचारसंस्थाका अनुसार मृत्यु हुनेमा पर्खाल भत्किएर थिचिएका दुई बालबालिका र रूख ढलेर लागेको मोटरसाइकलमा सवार एक महिला पनि छन्।

**विभिन्न प्रतिबन्ध र रोक**

समुद्री आँधी गुजरातको माण्डवी र पाकिस्तानको कराची बीचको जकाहु बन्दरगाहनजिकै पुग्ने अनुमान छ। बिहीवार बिहान माण्डवीमा पनि तीव्र गतिमा हावाहुरी चलेको थियो भने समुद्रमा ठूला छालहरू उठेका थिए।

जकाहु बन्दरगाहमा सामान्यतया माछा मार्ने मानिसहरूको गतिविधि देखिन्छ। अहिले समुद्री तटनजिकै रहेका सबै गाउँबाट मानिसहरूलाई अन्यत्र लगिएको छ। ती ठाउँहरू अहिले सुनसान छन्। गुजरात राज्यका अधिकारीहरूले तटीय क्षेत्रबाट ९४,००० जनालाई सुरक्षित स्थानमा सारिएको बताएका छन्।

# निस्सासिएर दुई जना खानी मजदुरको मृत्यु, पैतिस जना बेहोस

**सिन्ह्वा**

काबुल । अफगानिस्तानको साङ्गन प्रान्तमा निसास्सिएर दुई जना खानी मजदुरको मृत्यु भएको छ भने अन्य ३५ जना बेहोस भएका छन्। साङ्गन प्रान्तको दरा-ए-सुफ बाला जिल्लाको मेराक दाहाने कोइलाखानीमा बुधबार उक्त घटना भएको अफगानिस्तानी समाचार समिति खामा प्रेसले तालिवानका प्रान्तीय अधिकारीहरूलाई उद्धृत गर्दै आज जनाएको हो।

उक्त कोइलाखानी गैरव्यावसायिक भएको दरा-ए-सुफ बालाका गभर्नर मोहम्मद नसिम खैबरसेकानले बताएका छन्। सुरक्षा उपाय नअपनाउँदा उक्त घटना भएको उनले बताएका छन्। बिरामी भएका सबैको स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

यसअघि गत शनिबार पनि अफगानिस्तानको बाघलान प्रान्तको कोइला खानीमा निस्सासिएर एकजना मजदुरको मृत्यु भएको थियो भने अर्का एकजना बेहोस भएका थिए। ताला-ओ-बरफाक जिल्लामा रहेको कोइला खानीमा काम गर्ने क्रममा विषाक्त ग्यास चुहिँदा उक्त घटना भएको सुरक्षा अधिकारीहरूले बताएका छन्।

# भारत-अमेरिका साझेदारी नयाँ चरणमा पुग्ने विश्वास

**एएनआई**

वासिङ्टन। अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनको निमन्त्रणामा प्रधानमन्त्री नरेन्द्र मोदीको आगामी साता हुने अमेरिकाको राजकीय भ्रमणबाट भारत-अमेरिका सम्बन्ध नयाँ चरणमा प्रवेश गर्ने एक कूटनीतिज्ञले बताएका छन्।

संयुक्त राज्य अमेरिकाका लागि भारतका राजदूत तरनजीतसिंह सन्धुले प्रधानमन्त्रीको भ्रमणबाट दुई देशबीचको सम्बन्धमा अर्को अध्याय थपिने बताउँदै त्यसले नयाँदिल्ली र वासिङ्टनको साझेदारीलाई सुदृढ बनाउने बताए।

प्रधानमन्त्री नरेन्द्र मोदी र संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिबीचको घनिष्ठ मैत्रीलाई पनि भ्रमणले प्रतिविम्बित गरेको उनले बताए। एएनआई प्रतिनिधिसँगको कुराकानीमा राजदूत सन्धुले दुवै देशका मन्त्रिपरिषद्का सदस्यहरू र वरिष्ठ अधिकारीहरूले राजकीय भ्रमणबाट प्राप्त हुने उपलब्धिको प्रतीक्षा गरिरहेका बताउँदै उनले नयाँदिल्ली र वासिङ्टनको सम्बन्ध सही दिशामा अघि बढिरहेको सुनिश्चित हुने जनाए।

भूमण्डलीकरणको सन्दर्भमा भारत-अमेरिका साझेदारीका विविध पक्षबारे चर्चा गर्दै भारतीय राजदूतले व्यापार, रक्षा, रणनीतिक सहयोग, प्रविधि, उच्च शिक्षा र स्वच्छ ऊर्जा क्षेत्रमा दुवै देश सहकार्य गर्न उत्सुक रहेका बताए।

पारस्परिक विश्वास र साझेदारीलाई थप सुदृढ बनाउन तथा जनस्तरको सम्बन्धलाई पनि अझ घनीभूत तुल्याउन प्रधानमन्त्री मोदीको भ्रमण फलदायी हुनेमा आफू विश्वस्त रहेको राजदूत सन्धुले बताएका छन्।

रुसले युक्रेनमाथि गरेको आक्रमणलाई वेवास्ता गरेको भारतले मस्कोसँगको साथ र सहयोगलाई बढाएको छ। वासिङ्टन र मस्कोबीचको सम्बन्ध अधिक चिसिएको अहिलेको अवस्थामा पनि रुसकौ मौन समर्थक भारतसँगको आफ्नो व्यवहारमा अमेरिकाले कुनै परिवर्तन गरेको छैन।

चीनसँगको बिग्रिएको सम्बन्धलाई सन्तुलनमा राख्न वासिङ्टनले नयाँदिल्लीसँगको सम्बन्धलाई उच्च प्राथकिता दिएको विश्लेषक बताउँछन्।

मध्य तथा दक्षिण एसियाली क्षेत्रमा चीनको प्रभाव कम गर्न अमेरिका भारतसँग निकट सम्पर्कमा काम गर्न सधैँ तत्पर रहेको छ।

# इजरायल नौसेना प्रमुखद्वारा ग्रीक र इटाली भ्रमण

**एएनआई**

तेल अवीव । इजरायली नौसेनाका कमाण्डर भाइस एडमिरल डेभिड साआर सलमाले इजरायली नौसेना बीचको सहयोगलाई सुदृढ पार्ने द्देश्य आयोजित इटाली र ग्रीसको भ्रमण गर्नु भएको छ।

सो अवसरमा इटालियन उहाँले नौसेना दिवसका कार्यक्रमहरु मा भाग लिनुभएको छ।

भ्रमणका क्रममा इजरायल नौसेनाका कमाण्डरले एथेन्सस्थित ग्रीक नौसेनाको मुख्यालयको भ्रमण गर्नुका साथै नौसेनाका विभिन्न रणनीतिक तथा परिचालन गतिवधिको पनि अवलोकन गर्नु भएको छ।


त्यसैगरी भ्रमणका क्रममा उहाँले ग्रीसका कर्मचारी र राष्ट्रिय सुरक्षा मन्त्रीसँग पनि भेट गर्नु भएको छ।

सलामिस टापुस्थित ग्रीक नौसेनाको आधारमा पुगेर उहाँले कमाण्डर इन चीफ, हेलेनिक फ्लीट, एडमिरल डिमिट्रिओस कटारसबाट ग्रीक नौसेनाको सञ्चालनको विस्तृत सिंहावलोकन गर्नु भयो।

# विद्युत व्यापारका लागि निजी क्षेत्र योग्य भइसकेको छ : इप्पान अध्यक्ष आचार्य

**टुडे समाचारदाता**

काठमाण्डु । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अध्यक्ष कृष्णप्रसाद आचार्यले निजी क्षेत्र विद्युत व्यापारका लागि तयार भइसकेकोले सरकारले बाटो खोलिदिनुपर्ने बताएका छन्। इप्पानको २१ औं साधारणसभाको उद्घाटनमा बोल्दै अध्यक्ष आचार्यले 'नेपालको पानी, समृद्धिको खानी' भन्ने नारासहित नेपालको ऊर्जा क्षेत्रमा निजी क्षेत्रको धेरै ठूलो लगानी भइसकेको पनि बताए।




'अनेकौ बाधा व्यवधानका बाबजुद देश उज्यालो बनाउनका लागि ऊर्जामा लगानी गर्ने निजी क्षेत्रका साथीहरूप्रति आभारी छु,' आचार्यले भने। जुनसुकै मुलुकको आर्थिक समृद्धिको आधार ऊर्जा नै रहेको र सबै देशले प्राप्त स्रोतलाई अधिकतम उपयोग गरिरहेकोले नेपालले पनि आफ्नो स्रोतको उच्चतम उपयोग गर्नुपर्ने आचार्यले बताए।

'पछिल्लो समयमा कार्बन उत्सर्जन घटाउने विश्वव्यापी चासोको विषय छ। कार्बन घटाउने क्षमता भएको मुलुक नेपाल हो। नेपालमा क्लिन इनर्जीको धेरै सम्भावना छ। हाइड्रो, सौर्य सबै ऊर्जाको सम्भावना छ,' उनले थपे। नेपालको विद्युत जडित क्षमता करिब ३ हजार मेगावाट पुग्दा, ५ हजार मेगावाट क्षमताका आयोजना निर्माणाधिन, ११ हजार मेगावाट क्षमताका आयोजना पिपिएको पर्खाइमा र अध्ययनको चरणमासमेत रहेका आयोजना जोड्दा २५ हजार मेगावाटका आयोजना विभिन्न चरणमा रहेको आचार्यले बताए।

आजका दिनमा खपत बढाउन निकै चुनौती रहेको उनको तर्क छ। औद्योगिक, सिंचाई, विद्युतीय चुल्हो र विद्युतीय गाडीमा खपत बढाउनु पर्नेमा उनको जोड छ। विद्युत उत्पादनमा निजी क्षेत्रको प्रवेश बिना उत्पादन सफल नभएको भन्दै खपत बढाउन र निर्यात गर्नको लागि पनि अब निजी क्षेत्रलाई व्यापार गर्न दिनुपर्ने आचार्यले बताए। 'एक मेगावाटको आयोजना बनाउने निजी क्षेत्रका साथीहरू आज १०० मेगावाटको आयोजना बनाइरहेका छन्। अब निजी क्षेत्रले जत्रो आयोजना पनि बनाउन सक्छ। सरकारले सहयोग गरिदिनु पर्‍यो,' उनले भने।

प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमण यो पटक ऊर्जा केन्द्रित भएको पनि आचार्यले बताए। 'विगतका भ्रमण राजनीतिक केन्द्रित हुन्थे। यसपटक आर्थिक मुद्दामा केन्द्रीत भएको र त्यसमा पनि अझ ऊर्जा केन्द्रीत नै भयो। यो ऊर्जा उद्यमीको लागि खुशीको कुरा हो,' उनले भने। 'भारतमा १० हजार मेगावाट विद्युत निर्यातको समझदारी भएको छ। तर, यो सफल होला र? भन्ने पनि प्रश्न उठेको पाइन्छ। हामी सकारात्मक छौं। हिजो ४० मेगावाट निर्यात हुँदा पनि जम्मा ४० भनेका थिए। आज ४०० मेगावाट गइरहेको छ। त्यसैले १० हजार मेगावाट विद्युत पनि निर्यात हुनेछ,' उनले भने।

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री शक्तिबहादुर बस्नेतले निजी क्षेत्रलाई ऊर्जामन्त्री बस्नेतले निजी क्षेत्रलाई विद्युत व्यापारका लागि तयार रहन आग्रह गरे। मन्त्री बस्नेतले प्रधानमन्त्रीको भारत भ्रमण एउटा ब्रेक थ्रु भएको भन्दै अहिले परिस्थिती धेरै परिवर्तन भइसकेको बताए। 'न भारत हिजोको ठाउँमा छ, न नेपाल हिजोको जस्तो छ,' उनले भने। १० हजार मेगावाट बिजुली भारतले लैजाने विषय सम्भव भएको पनि उनले दाबी गरे।

# सहुलियत कार्यक्रम सधैंलाई निरन्तरता दिन सकिदैन : गभर्नर अधिकारी

**टुडे समाचारदाता**

काठमाण्डु । सहुलियत कार्यक्रम सधैंलाई निरन्तरता दिन नसकिने गभर्नर महा प्रसाद अधिकारीले बताएका छन्।




म्यानेजमेन्ट एसोसिएसनले आयोजना गरेको मौद्रिक नीति सम्बन्धी पूर्व छलफल कार्यक्रममा गभर्नर अधिकारीले यस्तो बताएका हुन्।

'कोभिडमा हामी केही खुल्ला भयौ। सरकारसँग पर्याप्त स्रोत थिएन, त्यसैले राष्ट्र बैंकले अग्रसरता लिएका थियौ', उनले भने, 'व्यवसाय चलेको थिएन, कसैले कर्जा तिर्न सकेका थिएनन्, हामीले यही कारण सहुलियतका कार्यक्रम ल्यायौ, पुनर्कर्जा दियौं तर यसको दुरूपयोग पनि भयो।'

अहिले पनि धेरैले यस्तै सहुलियतको अपेक्षा गरेका भए पनि यस्ता कार्यक्रम सधैंलाई निरन्तरता दिन नसकिने उनले स्पस्ट परे।

उनले सरकारले यस पटक लिन लगेको आन्तरिक ऋण धेरै नभएको पनि बताए। यस्तो पुरानो ऋण रोलओभर नहुने हो भने मात्रै ५७ अर्ब रुपैयाँ नयाँ ऋण बजारबाट उठाइने उनले जानकारी दिए।

# ५ अंकले बढेको बजारमा शिवम् सिमेन्टको सर्वाधिक कारोबार

**टुडे समाचारदाता**

काठमाण्डु । साताको अन्तिम कारोबार दिन अर्थात् बिहीबार नेप्से परिसूचक ५ अंकले बढेको छ। यस दिन नेप्से ०.२५ प्रतिशतले बढेर २०४२.०७ बिन्दुमा पुगेको छ ।

बिहीबार नेप्से परिसूचक बढे पनि कारोबार रकम भने अघिल्लो दिनको तुलनामा घटेको छ। गत कारोबार दिन ५ अर्ब १ करोड ७८ लाख ७ हजार ६८२ रुपैयाँको सेयर कारोबार भएकोमा यस दिन उक्त रकम घटेर ३ अर्ब १६ करोड २८ लाख १० हजार ८४३ रुपैयाँ पुगेको छ।

यस दिन २७० वटा धितोपत्रको ७८ लाख ९६ हजार ४७८ कित्ता सेयर किनबेच भएको हो। बिहीबार सिटी होटलको सेयरमूल्य सर्वाधिक ९.९७ प्रतिशतले बढेको छ। उक्त कम्पनीको प्रतिकित्ता मूल्य १७८ रुपैयाँ ७० पैसा पुगेको छ।

यस्तै, अभियान लघुवित्तको सेयर मूल्य ९.२० प्रतिशतले बढेर प्रतिकित्ता मूल्य ७६० रुपैयाँ पुगेको छ। यसैगरी, सेयरमूल्य सर्वाधिक घट्ने कम्पनीमा भूगोल इनर्जी रहेको छ। उक्त कम्पनीको सेयर मूल्य ५.८६ प्रतिशतले घटेर प्रति कित्ता मूल्य ३०० रुपैयाँ ३० पैसामा झरेको छ ।

यस्तै, मल्टीपर्पस फाइनान्सको सेयर मूल्य ३.८८ प्रतिशतले घटेर प्रति कित्ता मूल्य ३१७ रुपैयाँ २० पैसामा सीमित भएको छ। बिहीबार शिवम् सिमेन्टको सर्वाधिक कारोबार भएको छ । उक्त कम्पनीको प्रतिकित्ता ५३८ रुपैयाँ ६० पैसामा १७ करोड ९३ लाख बराबरको सेयर कारोबार भएको हो। यो मूल्य अघिल्लो दिनको तुलनामा २.५९ प्रतिशत बढेको हो।

सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो कम्पनीमा सोल्टी होटल रहेको छ। उक्त कम्पनीको प्रतिकित्ता ४०७ रुपैयाँमा १६ करोड ४ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । त्यस्तै, बिहीबार कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये ६ समूहको परिसूचक बढेको छ भने बाँकी ७ समूहको परिसूचक घटेको छ।

यसदिन होटल्स तथा पर्यटन समूहको परिसूचक सर्वाधिक ४.५६ प्रतिशतले बढेको छ। यसैगरी, व्यापार समूहको परिसूचक सर्वाधिक १.७४ प्रतिशतले घटेको छ ।

# मिराया वेलनेस एण्ड गल्फ रिसोर्ट सञ्चालनमा

**टुडे समाचारदाता**

काठमाण्डु । सिजी हस्पिटालिटीले नवलपुरको देवचुलीमा मिराया वेलनेस एण्ड गल्फ रिसोर्ट सञ्चालनमा ल्याएको छ। शाश्वत धाम र सिजी इन्डस्ट्रियल पार्कसँगै खुलेको यो रिसोर्ट गल्फ प्रेमीहरूका लागि आकर्षक गन्तब्य बन्ने विश्वास गरिएको छ।



अध्यात्म, शान्ती र आनन्ददायी वातावरणका लागि यो रिसोर्ट नेपालको उत्कृष्ट सावित हुने सिजी हस्पिटालिटीको विश्वास छ। सिजी इन्डस्ट्रियल पार्कभित्र सुन्दर गल्फ मैदानसँगै सञ्चालनमा आएको यस मिरायाका अतिथीहरूले गल्फको विशेष मज्जा लिन पाउनेछन्। साथै, शाश्वत धामका दर्शनार्थीहरूका लागि समेत यो रिसोर्ट उत्तिकै सुविधाजनक हुने बताइएको छ।

'वेलनेश, अध्यात्मिक चेतना र वातावरणीय दिगोपनको लागि सिजी हस्पिटालिटीको एउटा उल्लेखनीय प्रमाणका रुपमा मिराया वेलनेश एण्ड गल्फ रिसोर्टलाई प्रस्तुत गर्न पाउँदा म हर्षित छु।' चौधरी ग्रुपका प्रवन्ध निर्देशक एवम् सिजी हस्पिटालिटी होल्डिङ्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) राहुल चौधरीले भने । उनले थपे 'मिराया रिसोर्ट सिजी हस्पिटालिटीको मुख्य सिद्धान्तहरूलाई मूर्तरुप दिने गरी तयार गरिएको छ। यहाँ हाम्रा पाहुनाहरूले फरक अनुभुती गर्नु हुनेछ भन्ने मेरो विश्वास छ।' यो रिसोर्टलाई नेपालको वेलनेस, आध्यात्मिक शान्तिसहित साहसिक कार्यको लागि नेपालको विशेष रिसोर्टका रुपमा लिइएको छ।

मनमोहक देवचुली पर्वतको फेदमा अवस्थित यो रमणीय गन्तब्य, स्वतन्त्र रुपमा भ्रमणमा उत्साही यात्रुहरूका लागि पनि उत्कृष्ट गन्तब्य बन्ने विश्वास लिइएको छ ।

रिसोर्टमा स्विमिङ पुल, बास्केटबल र ब्याडमिन्टन कोर्ट रहेका छन्। साथै वाइन टेस्टिङ वर्कशप, क्युरेटेड स्पा, हाइड्रोथेरापी, वेलनेस थेरापी र नेचर ट्रेलहरू जस्ता खास सुविधाहरू पनि रिसोर्टमा छन्।

पश्चिम चितवनको सामिप्यमा रहेको मिरायाबाट देवचुली पर्वतको दृश्य देख्न सकिन्छ। यो रिसोर्ट भरतपुर विमानस्थलबाट ३० मिनेटको ड्राइभ, काठमाडौंबाट ५ घण्टाको ड्राइभ र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाट ३ घण्टाको ड्राइभमा पुग्न सकिन्छ।

साथै, निजी हेलिकप्टरबाट २०-२५ मिनेटमा काठमाडौंबाट मिरायामा अवतरण गर्न पनि सकिन्छ। रिसोर्टमा विवाह, कर्पोरेट मिटिङ एवं अन्य गतिविधि र निजी योग रिट्रीटहरू सहित विभिन्न कार्यक्रमहरू गर्न सकिने जनाइएको छ ।

# 'विस्तारकारी मौद्रक नीति नल्याऊ'

**टुडे समाचारदाता**

काठमाण्डु । पूर्व गभर्नर तथा पूर्व अर्थमन्त्री डा. युवराज खतिवडाले विगतमा अधिक कर्जा लगानीले तातेको अर्थतन्त्र सेलाइ नसकेको भन्दै अहिले विस्तारकारी मौद्रिक नीति नल्याउन सुझाएका छन्।

म्यानेजमेन्ट एसोसिएसनले आयोजना गरेको मौद्रिक नीति सम्बन्धी पूर्व छलफल कार्यक्रममा खतिवडाले उक्त सुझाव दिएका हुन्। उनले बैंकहरू अहिले पनि अधिक पुंजीकरणकै अवस्थामा रहेकाले कुनैपनि बहनामा पुँजी बढाउन दिन नहुने बताए।

'१२ प्रतिशतको कर्जा वृद्धि भए ६ प्रतिशतको आर्थिक वृद्धि हुन्छ, यसअघि नै धेरै कर्जा लगानी भएको छ, अब धेरै बढाउनु पर्ने देखिदैन,' उनले भने ।

उनले कर्जाको प्रवाह सम्पत्ति निर्माणमा मात्रै हुने गरी नभई आम्दानी वृद्धि हुने क्षेत्रमा प्रवाह गर्न जोड दिए। सट्टेवाजी क्षेत्रमा लगानी दिएर ऋणीलाई कहिले नपुग्ने भन्दै उनले यस्तो कर्जा लगानीमा जोड दिन नहुने बताए ।

खतिवडाले बैंक र व्यवसायी छुट्याउने समय आएको भन्दै व्यवसायी समेत रहेका बैंकरलाई छुट्याउन १० प्रतिशत संस्थापक सेयर सर्वसाधारणमा परिवर्तन गर्न दिनु सही हुने बताए । उनले मुद्दती निक्षेपको ब्याज एकल बिन्दुमा राख्नुपर्ने भए पनि सामान्य बचतमा धेरै चलाउन नहुने र प्राइम कर्जाको ब्याजदर १२-१३ प्रतिशतमा सीमित पार्नुपर्ने बताए ।

# मेन्छियाम हाइड्रोपावरको आइपिओ सूचीकृत

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा मेन्छियाम हाइड्रोपावरको आइपिओ सूचीकृत भएको छ।

कम्पनीको ५४ लाख २५ हजार ८३३ कित्ता आइपिओ सूचीकृत भएको हो। कम्पनीले सर्वसाधारण लगानीकर्ताहरूलाई वितरण गरेको (वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष, स्थानीय बासिन्दाहरू र कर्मचारीहरू समेत) लाई निष्कासन गरेको १६ लाख २७ हजार ७५० कित्ता सेयर र संस्थापकहरूले लगानी गरेको ३७ लाख ९८ हजार २३ कित्ता सेयर गरी उक्त आइपिओ नेप्समा सूचीकृत गराएको हो।

नेप्सेले पहिलो कारोबारको लागि कम्पनीको न्यूनतम ७७ रुपैयाँ ४५ पैसादेखि २३२ रुपैयाँ ३५ पैसा ओपनिङ रेन्ज तोकेको छ ।


## जानकी ग्लोवल बचत तथा ऋण सहकारी संस्था लि.

**कदमचौक, जनकपुर, - २ (धनुषा)**

## ऋणि श्री नन्द किशोर महराको नाउमा अत्यन्त जरूरी सूचना

**प्रकाशित मिति : २०८०/०२/३२**

जि.ध. गा.वि.स. विन्धि-६ परिवर्तित ज.उ.म.न.पा.-२३ बस्ने मोति महराको नाति, दुखी महराको छोरा तपाई नन्द किशोर महराले ज.उ.म.न.पा वडा नं. -१३ को सि.नं. १३१५-११ को कि.नं. ४२ को क्षेत्रफल ०-०-८-१ जग्गा यस जानकी ग्लोबल बचत तथा ऋण सहकारी संस्थाको नाउँमा दृष्टीक बन्धक लिखित पारित गराई मिति २०६९/०७/०३ मा व्यवसाय संचालनको लागि रु.६,००,०००/- अक्षरेपी रु. छ लाख मात्र ऋण लिएकोमा सो ऋणको साँवा र व्याजको भाखा नाघी सकेकोले ऋण बुझाउनको लागि पटक -पटक लिखित र मौखिक ताकेता गरे पनि वास्ता नगरी अटेर गरी हालसम्म साँवा र व्याज नबुझाएको मा मिति २०८० वैशाख मसान्त सम्मको सावा रु.६,००,०००/- र भाखा नाघेको व्याज रु. १२,७१,१६५ अक्षरेपी रु वाह्र लाख एकहत्तरी हजार एक सय पैसठी मात्र दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र यस संस्थामा बुझाउने संस्थाको संचालक समितिको मिति २०८०/०२/२२ मा निर्णय भएकोले उक्त म्याद भित्र साँवा र व्याज यस संस्थामा बुझाउनु होला । अन्यथा तपाईले ऋण लिदाँ राखेको धितो सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ बमोजिम जग्गा लिलाम विक्रि वा अन्य व्यवस्था गरी यस संस्थाले ऋण र व्याज असुल उपर गरिने व्यहोरा सूचित गरिन्छ ।

**जानकी ग्लोवल बचत तथा ऋण सहकारी संस्थ लि**
**जनकपुरधाम-२ कदम चौक**



## Invitation for Bids

## Sakhuwanankarkatti Rural Municipality
## Office of The Municipal Executive
### Sakhuwanankarkatti, Siraha
### Madhesh Province, Nepal
### Invitation for Bids No: 09/NCB/SRM/079/80

**Date of publication: June16, 2023 (2080-03-01)**

1. Sakhuwanankarkatti Rural Municipality, Siraha towards the cost of Construction of 10 Bed Primary Hospital at Sakhuwanankarkatti Rural Municipality, Siraha and intends to apply part of the funds to cover eligible payments under the Contract for 09/NCB/SRM/079/80. Bidding is open to all eligible as per Section V of bidding document.
2. Sakhuwanankarkatti Rural Municipality, Siraha invites electronic bids from eligible bidders for the construction of Construction of 10 Bed Primary Hospital at Sakhuwanankarkatti Rural Municipality, Siraha under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 112,900,000.00
   - Minimum Work experience of similar size and nature: One Single RCC Hospital Building with a value of NRs. 89,900,000.00 without VAT.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sakhuwanankarkatti Rural Municipality, Siraha or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder submit their bid electronically only as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document upon payment of a non-refundable fee of NRs. 10,000.00 till July 16, 2023(2080-03-31) during office hours in the Project's Rajaswa (revenue) account as specified below .

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank:** NMB Bank Ltd **Name of Office :** Sakhuwanankarkatti Rural Municipality

   **Office Account no.:** 1100085117500199
6. Pre-bid meeting shall be held at Sakhuwanankarkatti Rural Municipality, Siraha at July 2, 2023 (2080/03/16) 13:00 hrs.
7. Electronic bids must be submitted to the office Sakhuwanankarkatti Rural Municipality, Siraha through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on July 16, 2023 (2080/03/31). Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at July 16 2023 at the office of Sakhuwanankarkatti Rural Municipality. Bids must be valid for a period of 120 after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of Nrs. 3.4 million, which shall be valid for 30 days beyond the validity period of the bid . If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission

# गाईको मासु बिक्री गर्ने होटललाई कारबाही गर्न माग

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय एकता अभियानले काठमाण्डुको ठमेलमा रहेको होटल विस्मिल्लाहलाई कारबाही गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय काठमाण्डुमा उजुरी दिएको छ ।

अभियानका अध्यक्ष विनय यादवले काठमांड़ौका प्रमुख जिल्ला अधिकारी घनश्याम उप्पध्यायलाई भेट गरी बुझाएका नेपालको प्रचलित कानुन विपरीत विस्मिल्लाह होटलले खुलेआमा गाईको मासु बिक्री गरेकाले कारबाही गर्न उजुरीमा दिएका छन् ।

उजुरी जिल्ला प्रहरी काठमाण्डु पठाएको छ । उजुरीमा होटल बिस्मिल्लाहले दोहोरो अपराध गरेको उल्लेख छ ।

'उनीहरूले मेनुमा उपलब्ध वस्तुको रूपमा गाईको मासुलाई सूचीबद्ध गरेका छन्, जसले उनीहरू सक्रिय रूपमा गाईको मासु बिक्रीमा संलग्न छन् भनी प्रमाण दिन्छ' उजुरीमा भनिएको छ-'यो नेपालको अधिकार क्षेत्र भित्र गाईको मासु बिक्री गर्न निषेध गर्ने प्रचलित कानुनको प्रत्यक्ष उल्लंघन हो।'



अर्कोतर्फ गाईको मासुको अवैध बिक्रीले कानुनी चिन्ता मात्र नभइ बहुसंख्यक नेपाली जनताको सांस्कृतिक र धार्मिक संवेदनशीलतामाथिको प्रहार भएको उजुरीमा उल्लेख छ ।




'नेपालमा विविधतायुक्त समाज छ, जनसंख्याको एक महत्वपूर्ण भागले गाईको मासुको उपभोगलाई निषेध गर्ने धार्मिक अभ्यासहरू पालन गर्दछन् ।

होटल बिस्मिल्लाहको कार्यले सांस्कृतिक र धार्मिक भावनाहरूप्रति अपमानजनक छन् र यसले हाम्रो समुदायमा सामाजिक अशान्ति निम्त्याउने सम्भावना रहन्छ।' उजुरीमा भनिएको छ।

अभियानका अध्यक्ष यादवद्वारा हस्ताक्षरित उजुरीमा उक्त विषयमा छानबिन गर्न र होटल बिस्मिल्लाह विरुद्ध उचित कानुनी कारबाही गर्न अनुरोध गरिएको छ।

'होटेल बिस्मिलाहमाथिको कारबाहीले अरूलाई त्यस्ता गैरकानुनी गतिविधिहरूमा संलग्न हुनबाट निरुत्साहित मात्र गर्दैन, हाम्रो समुदायको सद्भाव र एकताको रक्षा पनि गर्दछ' उजुरीमा उल्लेख छ।

# छानबिन समितिको प्रतिवेदन पेश




**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश सरकार तथा प्रदेश सभाका सदस्यहरूको विभिन्न उपभोक्ता समिति मार्फत आर्थिक वर्ष ०७८/७९ मा सम्पन्न भएको विभिन्न योजनाहरूको भुक्तानी दिनका लागि गठन गरेको उच्च स्तरीय संसदीय छानबिन समितिले प्रतिवेदन पेश गरेको छ ।

समितिकी सभापति रानी शर्मा तिवारीले प्रदेशमा सञ्चालित ५९७ योजनाहरूको स्थलगत अनुगमन गरेर तयार पारिएको प्रतिवेदन प्रदेश सभाको बैठकमा पेश गरेकी छन् ।

करीब १ अर्बका विभिन्न योजनाको समयमा भुक्तानीका लागि उच्च स्तरीय संसदीय छानबिन समिति नै बनाएर काम सम्पन्न भएको तर भुक्तानी नपाएका सबै योजनाको स्थलगत निरीक्षण गरी रायसहितको प्रतिवेदन प्रदेश सभामा पेश गरिएको छ ।

५१४ वटा योजना प्रतिवेदनमा समावेश गरिएको र बाँकी ८३ वटा योजनाको फाइल सम्बन्धित मन्त्रालयमा पठाइएको सभापति रानी शर्मा तिवारीले जानकारी दिइन् ।

मधेश प्रदेश सरकारले दोस्रो पटक उच्च स्तरीय संसदीय समिति बनाएर योजनाको भुक्तानी दिने भएको छ। सभापति तिवारीले अब सबै योजनाको सम्झौता तथा भुक्तानीको काम समयमै सम्पन्न गर्न समय सीमा निर्धारणका लागि सरकारसंग माग गरेकी छन् ।

# कपडा पसलमा आगलागी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिलाबिहारी नगरपालिकामा रहेको होलसेल कपडा पसलमा बिहीबार बिहान आगलागी हुँदा लाखौँको क्षति भएको छ ।

सो नगरपालिका- ७ स्थित तारापट्टी चोकमा रहेको न्यू आरजु वस्त्रालयमा विद्युत् सट भइ आगलागी हुँदा करीब ७५-८० लाखको क्षति भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । क्षतिको विवरण सङ्कलनको काम जारी नै रहेको छ ।



तारापट्टीका अकबर नदाफले सञ्चालन गरेको पसलमा आगलागी भएको खबर प्रहरीले ३:३० मा भएपछि जनकपुरधाम, धनुषाधाम र सबैलाबाट आएको दमकलको सहयोगमा नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा स्थानीयको सहयोगमा ५:१० मा आगो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए ।

स्थानीय रामबाबु साहको घरमा सञ्चालनमा रहेको सो कपडा पसल होलसेल पसल रहेको तारापट्टी प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक रामनाथ यादवले बताए ।

विवाहको समय भएको कारणले राति ११ बजेसम्म पसल खुल्ला नै रहेकामा कुन समयमा आगो लागेको थियो त्यो खुल्न नसकेको प्रहरीले जनाउँदै ३:३० बजे पसलबाट धुवाको मुस्लो देखेपछि दमकललाई खबर गरिएको थियो।

पसलमा भएको विद्युत्का मिटर पनि जलेका कारणले विद्युत् सर्ट भएर नै आगलागी भएको हुन सक्ने प्रहरीको अनुसन्धानले बुझिएको छ।

# गाउँपालिकाका अध्यक्ष महतो विरुद्ध राजनीतिक दल आन्दोलनमा



**बखतियार अलि**

मलंगवा । सर्लाहीको चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राज कुमार महतो आफूखुशी बहुमत सदस्यलाई उपेक्षा गरी कानुन विपरीत पालिका संचालन गर्न खोजेको भन्दै स्थानीयहरूले विरोध प्रदर्शन गरेका छन् ।

पालिका अध्यक्ष महतोले मनोमानी ढंगले एकलौटी रुपमा निर्णयहरु गर्दै आएको भन्दै बिहीबार आठ वटा राजनीतिक दलका जनप्रतिनिधि लगायत स्थानीयवासीहरु चन्द्रनगर गापा स्थित नाढीमन ताल नजिक गापा अध्यक्ष महतोको विरूद्धमा जनसभाको आयोजना गरेका थिए।

सयौंको संख्यामा विभिन्न वडाबाट आएका महिला तथा पुरुषहरु गाउँपालिका अन्तर्गतका विभिन्न वडाको परिक्रमा गर्दै गापाको कार्यालय अगाडि पुगेर नाराबाजी गर्दै नाढी ताल नजिक पुगेर कोणसभाको आयोजना गरेका थिए।

अध्यक्ष विरुद्ध उत्रिएका ८ राजनीतिक दलहरु पानी नै नभएको सुख्खा नाढीमन तालमा ५० लाख भन्दा बढी बजेट विनियोजन गरी नाढी ताल महोत्सव गर्न लागेको भन्दै महोत्सव तत्काल बन्द गर्न, प्रधानमन्त्री स्वरोजगर कार्यक्रमको लागि आएको पैसा फ्रिज नगर्न, बालबालिकाको पैसा बालबालिकाको खातामा जम्मा गर्न लगायतका मागहरु राखेर स्थानीय जनताहरू आन्दोलनमा उत्रेका छन् ।

चन्द्रनगर गाउँपालिकाका वडा न १ र २ बाहेक अन्य ५ वटा वडाका वडा अध्यक्षहरु गापा अध्यक्ष महतोको विरोधमा आन्दोलन थालेका छन्।

आफूहरुको माग सम्बोधन नभए असार २ गतेदेखि कार्यालयको मुख्य गेट अगाडि आमरण अनसन बस्ने स्थानीयहरूले चेतावनीसमेत दिएका छन् ।

# दुर्घटनाको जोखिममा स्थानीय

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको विभिन्न सडकमा डिपो झैँ बालुवा, गिट्टी थुपारेपछि दुर्घटनाको जोखिम अत्यधिक रहेको स्थानीय वासिन्दा बताउँछन् ।

राजविराज नगरपालिकाको विभिन्न ठाउँका सडकमा बालुवा, गिट्टी डिपो झैँ थुपारिएपछि दुर्घटनाको जोखिम रहेको स्थानीय हरेराम यादवले बताए ।

राजविराज नपा-१० स्थित बिरौल चोक, खाँडो पुल चोकको बीच सडकमै बालुवा, गिट्टीको डिपो सञ्चालन गर्दा दुर्घटनाको जोखिम रहेको छ ।



स्थानीय व्यापारीले ट्रक,टिप्परबाट बालुवा, गिट्टी हुलाकी राजमार्गको कालोपत्रे सडकको बीच भागमा थुपारेर डिपो नै सञ्चालन गर्दा जोखिम मोलेर भए पनि यात्रा गर्न बाध्य रहेको तिरहुत गाउँपालिका-५ का दिनानाथ यादवले बताए ।

सो ठाउँमा डिपो सञ्चालन गरेयता दर्जनौँ पटक दुर्घटना भइसकेको पकरी प्रहरी चौकीले जनाएको छ । व्यापारीलाई सो ठाउँबाट बालुवा, गिट्टीको डिपो अन्यत्र सञ्चालन गर्न पटक पटक आग्रह गर्दा पनि हालसम्म पनि नसारेको स्थानीयवासी राधेश्याम यादवले बताए ।

राजविराज नपा-१० का वडाध्यक्ष गङ्गाराम खड्गका अनुसार बालुवा, गिट्टीको डिपो सञ्चालकलाई सो ठाउँबाट हटाउन आग्रह गर्दा आजभोलि भन्दै पन्छिने गरेकाले अब बल प्रयोग गरेर भए पनि हटाउने बताए।

यसै बीच, राजविराज-कुनौली सडक खण्डको ११ किलोमिटर सडकलाई संघीय सरकारको ४१ करोडभन्दा बढी रुपैयाँ लगानीमा फराकिलो गरेर कालोपत्रे गरिएको छ।

सो सडकमै बालुवा गिट्टी थुपारेर राखिएको छ। तिलाठीको मेन गेट, वीरपुर चोकको मोड र राजविराजको शिव बोर्डिङ स्कुलनजिक सडकमै बालुवा, गिट्टी थुपारेर राखिएको छ ।

सडकमै थुपारिएको सामानले बाटोलाई साँघुरो बनाउँदा दुर्घटनासमेत हुने गरेको स्थानीय बासिन्दाले गुनासो गर्दै सडक खण्डमा बालुवा, गिट्टी थुपारिएकाले सरोकारवाला निकायको यसतर्फ ध्यान पुग्न नसकेको स्थानीय शुभनारायण यादवले बताए ।

उनका अनुसार ठूल ठूला अधिकारी पनि यस बाटोबाट आवतजावत गर्छन् तर कसैको यसतर्फ ध्यान पुग्न सकेको देखिँदैन । जिल्लाको प्रमुख भन्सार कार्यालय तिलाठी कोइलाडी गाउँपालिका-१ बेल्ही स्थित राजविराज भन्सार कार्यालय जाने प्रमुख बाटो पनि सोही रहेको छ ।

# सहकारीका सञ्चालक सम्पर्कविहीन बचतकर्ता बिचल्लीमा



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जको आदर्श नगरमा मुख्य कार्यालय रहेको सानो पाइला बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक सम्पर्कविहीन भएपछि सहकारीमा रकम जम्मा गरेका सयौँ स्थानीय बासिन्दा बिचल्लीमा परेका छन् ।

बचतकर्ताहरूले बिहीबार सानो पाइला बचत तथा ऋण सहकारी संस्थामा धर्नासमेत दिएका छन् ।

सहकारीका सञ्चालक तथा सदस्यहरु सम्पर्कविहीन भएपछि कार्यालय खुले पनि कर्मचारी मात्रै बस्दै आएका छन् ।

दिनहुँ सहकारीको कार्यालयमा पैसा जम्मा गर्ने सयौँ व्यक्तिहरू पुग्दा कर्मचारीहरूले तनाव झेल्नुपरेको छ ।

निम्न तथा मध्यम वर्गीय व्यक्तिहरूले खाई नखाई गरी जम्मा गरेको झण्डै २ अर्ब रुपैयाँ लिएर सञ्चालकहरू सम्पर्कविहीन भएको आरोप बचतकर्ताहरूको छ ।

२० लाख जम्मा गरेका एक बचत कर्ताले आफ्नो रकम निकाल्न खोज्दा खातामा रकम नरहेको भन्दै एक पटकमा ५ हजारसम्म मात्रै दिन सकिने कर्मचारीले सुनाएको बताए ।

बिहीबार पैसा लिन पुगेका सयौँ बचतकर्ताहरू पैसा नपाएपछि धर्नामा बसेका छन् ।

उत्पन्न समस्याका बारेमा पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले समाधानका लागि पहलकदमी गर्ने बताए ।

उनले सानो पाइलाका सञ्चालकले बचतकर्ताको पैसा लिएर फरार भएको भए उनीहरुलाई खोजी गरी पक्राउ गरेर कारबाहीको दायरामा ल्याउने बताए ।

वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले सर्वसाधारण बचतकर्ताको रकम पचाउने हिम्मत कसैको नभएको भन्दै पीडितको पक्षमा आफू रहेको र यसको लागि कानुनी उपचार खोजिने बताए ।

# बिचौलिया पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । यातायात कार्यालय जनकपुरबाट एकजना बिचौलिया पक्राउ परेका छन् ।

बिहीबार दिउँसो करीब २ बजेको समयमा जनकपुर उपमहानगरपालिका- १४ स्थित रहेको यातायात कार्यालयमा



बिचौलियाको काम गरिरहेको सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको टोलीले एकजनालाई नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका-१४ का २६ वर्षीय सुवास कुमार राउत रहेको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए ।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# धान उत्पादनमा कमी नहुने

**सिकेन्द्र पासवान्**

बारा । चैते धान उत्पादनमा कमी नआउने कृषि ज्ञान केन्द्र बाराले जनाएको छ ।

चैते धान खेती सिँचाइ राम्रो भएको क्षेत्रमा खेती हुने गरेको साथै कृषकहरुले पनि आफ्नो लगानीमा सिँचाइको व्यवस्था गरी खेती गर्ने गरेको हुँदा बर्षा नभए पनि चैते धान उत्पादनमा कमी नआउने कृषि ज्ञान केन्द्रका प्रमुख जितेन्द्र यादवले जानकारी दिएका छन्।

कलैया उपमहानगरपालिका -१४ भैराका किसान गोपाल दास बैरागी र कलैया उपमहानगरपालिका वडा नम्बर २ का किसान प्रभु यादवका अनुसार सिँचाइको राम्रो व्यवस्था नभएको क्षेत्रमा चैते धान खेती हुने गरेको तापनि आकाशे पानीको आवश्यकता पर्ने भएको हुँदा लामो समयदेखि खडेरी परेको हुँदा चैते धानमा उत्पादन केही कमी हुने बताएका छन् ।

## आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

## सर्पदंशबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं

१. गर्मी महिनामा घरवरिपरी सर्प लुक्न सक्ने ठाउँहरु खोजी गरी व्यवस्थापन गरौं ।
२. घर वरिपरि रहेका झारपात तथा फोहोर ठाउँहरु सफा गरौं ।
३. खुल्ला स्थानमा शौच नगरौं ।
४. सकभर खाली खुट्टा नहिडौं ।
५. रातिको समयमा बाहिर निस्किनुपर्दा टर्च लाइट तथा लठ्ठीको अनिवार्य प्रयोग गरौं ।
६. सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं र झुलको प्रयोग गरौं ।
७. घरमा रहेका प्वालहरु अविलम्ब बन्द गरौ ।
८. पराल, दाउरा, गोइठा आदि झिक्दा सावधानी अपनाऔं ।
९. सर्पले टोक्ने बित्तिकै टोकेको ठाउँमा ब्यान्डेज वा सफा कपडाले बाँधेर तुरुन्तै नजिकैको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगेर उपचार गराऔं ।
१०. सर्पले टोकेमा झारफुक वा धामी झाँक्रीबाट विष निकाल्ने जस्ता अन्धविश्वासमा नपरौं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८